

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

★ वर्ष : २८ ★ अङ्क :१३५ ★ ने. सं. ११४६ अनला गा, सप्तमी ★ आइतबार ★ २४ जेठ, २०८३ ★ June 7, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।


भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

### ‘अपराधमा महिला’ विषयमा दोस्रो राष्ट्रिय सम्मेलन

# उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण भए अपराध घट्दै जाने




भक्तपुर,२३ जेठ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा ‘अपराधमा महिला’ विषयमा दोस्रो राष्ट्रिय सम्मेलन शनिबार सम्पन्न भयो ।

ख्वप इन्जिनियरिङ कलेजको सभा हलमा सम्पन्न उक्त कार्यक्रमको उद्घाटन नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले गर्नुभएको थियो ।

कार्यक्रममा सचिव सुवालले उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने राजनीतिक व्यवस्थामा अपराध घट्दै जाने स्पष्ट पार्दै भन्नुभयो, “मानव समाजको विकासको सिलसिला अध्ययन गर्दा राज्यको उत्पत्ति कमजोरवर्गलाई दमन गर्न भएको पुष्टि हुन्छ । वर्गीय समाजमा राज्य संयन्त्रले कामदार वर्गविरूद्ध नीतिगत र कानुनी रूपमा अपराध गरिरहेको हुन्छ । दार्शनिकहरूले अपराधमुक्त, करमुक्त र सबै प्रकारका भेदभावमुक्त सुसंस्कृत समाजमा राज्यसत्तासमेत अन्त्य हुने स्पष्ट गर्नुभएको छ ।”

उहाँले भन्नुभयो, “पैतीस वर्षयता सरकारमा गएका दलहरू सडकमा हुँदा ‘भारतले नेपाली सीमा मिचेको हुँदा खुट्टा नकमाइकन भारतसँग वार्ता गर्नुपर्ने’ उपदेश दिन्थ्यो भने सरकारमा पुगेपछि तिनीहरु कूटनीतिक पहल गर्नुपर्ने भनी आत्मसपर्णवादी कुतर्क राख्छन् । सरकार प्रमुखले हालै संसद्मा नेपालले भारतको सीमा मिचेको छ भन्नु यस्तै देशविरोधी सिलसिला हो ।”

इलामको पशुपतिनगरदेखि सिराहाको तिलाठी र लालापट्टि, नवलपरासीको सुस्ता, कञ्चनपुरको दोधारा चाँदनी, दार्चुलाको लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको नेपाली भूमि भारतले मिचेको विरोधमा नेपाल मजदुर किसान पार्टीले सडक र संसद्मा आवाज उठाउँदै आएको चर्चा गर्दै सचिव सुवालले नेपालको भूमि अतिक्रमण हुने गरी भारतले एकतर्फी बनाएको नेपाल–भारत सीमा नक्सा खारेज गर्नु जरूरी छ भन्नुभयो ।

भदौ २३ र २४ गतेको शान्तिपूर्ण आन्दोलनमा नेपाल प्रहरीको झूटो सामाजिक सञ्जाल, ठेगाना प्रयोग गरी विद्यालय पोशाक र झोलासहित उपस्थित भए विद्यार्थीलाई प्रहरीद्वारा गोली नहानिने र पेट्रोल बमसहित आन्दोलनमा आउन आह्वान गर्नेहरू कसरी अपराधमुक्त होलान् भन्दै उहाँले प्रश्न गर्नुभयो, “भदौ २३ गते निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरिझैँ आगजनी गर्नेहरूलाई फागुन २१ गतेको निर्वाचनमा उम्मेदवार हुन नदिई जेल पठाउनुपर्ने किन होइन ?”

सचिव सुवालले भन्नुभयो, “राष्ट्रिय मानव अधिकार आयोग र कार्की आयोगको बयानमा सरोकारवालाले भदौ २४ गते संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत आगजनी हुनुमा नेपाली

**बाँकी पृष्ठ ८ मा**

# “यो वर्षको बजेट शोषित पीडितहरूको पक्षमा छैन”




भक्तपुर, २३ जेठ । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ २ नं वडा एकाइ समितिको आयोजनामा नेपाल सरकारको आ.व. २०८३/८४ को बजेटबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले नेपाल सरकारको बजेटबारे जानकारी राख्नु आवश्यक भएको, यो बजेट शोषित पीडितहरूको पक्षमा नभएको बताउनुभयो ।

एउटा नीतिको कारण समाजमा ठुलो प्रभाव पार्ने उल्लेख गर्दै उहाँले २०२१ सालमा भूमिसुधारको बेला जग्गाको मोही किसानको नाम राख्दा भक्तपुरका जनताको जीवन स्तरमा परिवर्तन भएको बताउनुभयो । उहाँले भन्नुभयो, “जनताको जीवन स्तरमा प्रभाव पार्ने यो बजेटमा केही छैन । हिजो ठीकजस्तो लागेको पार्टी आज गलत देखिएको छ । हिजो राम्रो जस्तो लागेको व्यक्ति आज देशद्रोहीका रूपमा देखिएको छ ।” नयाँ पुस्ताले प्रविधिमा भन्दा पुस्तक अध्ययनलाई बढी ध्यान दिनुपर्ने उहाँले बताउनुभयो ।

प्राध्यापक विश्वमोहन जोशीले बजेटको इतिहासबारे बताउँदै शिक्षा र स्वास्थ्यजस्तो जनताको जीवनसँग जोडिएका क्षेत्रमा कर लागू गर्नु गलत भएको बताउनुभयो ।

प्राध्यापक राजन फाजुले नेपालको आवश्यकताअनुसार शिक्षामा लगानी गर्नुपर्दछ; नेपालको लागि सुरुङ मार्ग आवश्यक छ; त्यस्तो क्षेत्रमा विद्यार्थीलाई अध्ययन गराउन शिक्षामा लगानी गर्नुपर्ने बताउनुभयो ।

खेलाडी विनोदचरण राय, राजाराम सुवाल, गणेशप्रसाद सुवाल, विभु किजु, श्रद्धा कोजु र दीपशीखा बासुकलाले पनि बोल्नुभएको थियो ।

# विश्वकप फूटबल प्रतियोगिता खेल्ने इरानी खेलाडी र टोलीलाई भिसामा अमेरिकाद्वारा विभेद

तेहरान, २३ जेठ (एएफपी) । विश्वकप फूटबल प्रतियोगिता सुरु हुन करिब एक हप्ता बाँकी रहँदा खेलका लागि चयन भएका सहभागी राष्ट्रहरूबाट खेलका लागि आयोजक देशका लागि प्रवेशआज्ञा लिने र उनीहरूको व्यवस्थापन गर्ने क्रम तीव्र बनेको छ ।

यस पटकको विश्वकप फूटबल प्रतियोगिता संयुक्त राज्य अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्ने भएका छन् । खेलको उद्घाटन यही जेठ २९ गते हुनेछ ।

आयोजक राष्ट्रमध्ये एक अमेरिका र इरानबिच जारी द्वन्द्वका कारण आयोजक राष्ट्र अमेरिकाले विश्वकप प्रतियोगितामा सहभागी हुन लागेको इरानी फूटबल टोलीका केही सदस्यहरूलाई भिसा नदिएर ‘विभेदपूर्ण व्यवहार’ गरेको आरोप इरानले अमेरिकामाथि लगाएको छ ।

टर्कीस्थित इरानी दूतावासले अमेरिकी राजदूत टम बराकले खेलाडीहरूलाई भिसा प्रदान गरिएको घोषणा गरेको उल्लेख गर्दै भनेको छ, “व्यवस्थापकीय र कार्यकारी कर्मचारी, प्राविधिक सल्लाहकारहरू र अन्य जो कुनै पनि राष्ट्रिय फूटबल टोलीको अभिन्न अङ्ग हुन्, उनीहरूलाई भिसा दिन अस्वीकार गरिएको छ भनेर तपाईँ किन भन्नुहुन्न ?”

दूतावासले अगाडि भनेको छ, “इरानको राष्ट्रिय फूटबल टोलीविरुद्ध जानाजानी र भेदभावपूर्ण व्यवहारलाई उच्च स्तरमा पुऱ्याइएको छ ।”

इरानको राष्ट्रिय फूटबल टोलीका प्रमुख मेहदी ताजले सोही दिन इरानी प्रतिनिधिमण्डलले भिसाका लागि राहदानी बुझाएको बताएपछि बराकले शुक्रबार कुटनीतिक पहलका लागि अङ्कारास्थित अमेरिकी दूतावासको प्रशंसा गर्नुभएको थियो ।

शनिबार इरानी सञ्चारमाध्यम र भर्जेश–३ नामक इरानी स्पोर्ट्स अनलाइनले ताजसहित प्रतिनिधिमण्डलका सदस्यहरू, कार्यकारी सदस्यहरू र विश्लेषकहरूलाई भिसा नदिइएको बताएका छन् ।

शुक्रबार ताजले सरकारी टेलिभिजनसँग कुरा गर्दै भन्नुभयो, “टोलीका सबैजनालाई भिसा जारी गरिनेछ भन्ने आफ्नो मूल्याङ्कन रहेको र यस सम्बन्धमा कुनै समस्या नहुने आशा गरिएको छ ।”

इरानीहरूले आफ्नो विश्वकप खेलमा टोली रहने स्थानलाई स्थानान्तरण गरेका छन् । सुरुमा टक्सन, एरिजोनामा हुने भनिएको उक्त बसाइँलाई उत्तरपश्चिमी मेक्सिकन सीमावर्ती सहर तिजुआनामा स्थानान्तरण गरिएको छ ।

टोलीका सबै तीन समूह चरणका खेलहरू संयुक्त राज्य अमेरिकामा हुने कार्यतालिका सार्वजनिक भएको छ ।

टोलीले जून १५ मा न्युजिल्यान्डसँग जून २१ मा बेल्जियमसँग दुई खेल लस एन्जलसमा र जून २७ मा इजिप्टसँग सियाटलमा खेल्नेछ ।

# चितवनको कोराकमा नेमकिपाको प्रशिक्षण कार्यक्रम




कोराक, २३ जेठ । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति, चितवनको आयोजनामा समसामयिक विषयमा भेला एवम् प्रशिक्षण कार्यक्रम नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर वासीको प्रमुख आतिथ्यमा शनिबार राप्ती नपास्थित कोराकमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा केन्द्रीय सदस्य वासीले क्रान्ति भनेको व्यवस्था नै परिवर्तन हो भन्नुभयो । उहाँले रास्वपा सरकारको क्रियाकलाप मजदुर र किसानको पक्षमा नदेखिएको स्पष्ट पार्नुभयो ।

उहाँले जनतालाई सचेत र सङ्गठित नगरी आएको सरकारको आयु लामो हुन नसक्ने सङ्केत गर्नुभयो ।

**बाँकी पृष्ठ ८ मा**

# निओ फ्युजन स्कूल अफ कम्प्युटरमा मनोविज्ञान र ई–शासनको कार्यशाला सम्पन्न



भक्तपुर, २३ जेठ । निओ फ्युजन स्कूल अफ कम्प्युटरले एसईई २०८२ का विद्यार्थीहरूबिच मनोविज्ञान तथा ई–शासनको कार्यशाला कार्यक्रम सम्पन्न गरेको छ । बालबालिका, युवायुवती तथा वृद्धवृद्धामा समेत देखिएका मनोविज्ञानका समस्याबारे पद्मकन्या कलेजमा मनोविज्ञान सङ्कायमा मास्टरमा अध्ययनरत दीपिका यादव र प्रविना बनमालाले आ-आफ्नो धारणा प्रस्तुत गर्नुभयो । बालबालिकादेखि एसईईसम्म अध्ययनरत विद्यार्थीहरूमा देखिएका मनोविज्ञानमा केही डरलाग्दा व्यवहारहरू रहेको उल्लेख गर्दै उहाँले घर परिवार, छरछिमेक तथा विद्यालयमा संलग्न रहेका बालबालिकाहरूमध्ये घर र विद्यालय विशेष गरी एकल परिवारमा परिवारको व्यस्तताले विद्यार्थीमा एक्लोपन र एकान्त बास भएको देखिन्छ भन्नुभयो । एकैछिन रमाउने एकैछिन रिसाउने, आफूले चाहेको जस्तो नभएको खण्डमा आफ्नै शरीरमा कोट्याउने गरेको उल्लेख गर्दै उहाँले यस्तो व्यवहारप्रति परिवार सजग हुनु नितान्त आवश्यक हुने बताउनुभयो ।

दीपिका यादवका अनुसार अहिलेको सामाजिक तथा पारिवारिक परिवेशले बालबालिकामा क्रियटिभ कार्य गर्न गाह्रो भएको देखिएको छ; सामाजिक सञ्जालले बालबालिका एकोहोरोपन भएको देखिन्छ र अरुले गरेको काममा सकारात्मक सोचभन्दा नकारात्मक सोचको विकास बढी भएको देखिन्छ । यादवले भन्नुभयो, "आफूले आफ्ना घर र घर वरिपरिका किशोरकिशोरीलाई अध्ययन गर्दा कुनै विषयमा धेरै बेरसम्म रहिरहन नसकिएको देखिन्छ । छिनछिनमै आफ्नो मनोभाव परिवर्तन गरिरहेको देखिन्छ ।"

प्रविना बनमालाले वृद्धवृद्धाहरूमा देखिएका मनोविज्ञानले बालबालिकाहरूमा समेत असर परेको बताउनुभयो । एसईईका विद्यार्थीहरूलाई लक्ष्य गरी अध्ययन गर्दा विद्यार्थीहरूमा सामाजिक तथा पारिवारिक उत्तरदायित्व नै कम भएको उहाँले बताउनुभयो ।

एसईईका विद्यार्थीहरू आफ्ना मनोभावलाई बुझ्ने तरिका तथा आफूले गर्नुपर्ने जिम्मेवारी, दायित्व कसरी छुट्याउने भन्नेबारेमा केन्द्रित रहेर कार्यक्रम सञ्चालन गरिएको थियो ।

नेपाल सरकारको इन्टरनेटका माध्यम गरिएका ई–शासनको जानकारी न्हुज किजुले दिनुभएको थियो । किजुले घरको बिजुलीको बिल भुक्तानी गर्नेदेखि चियापसलको चियाको भुक्तानी गर्नेसमेतमा इन्टरनेटको सहायतामा गरिएको देखिन्छ भन्नुभयो ।

कार्यक्रममा निओ फ्युजन स्कूल अफ कम्प्युटरका निर्देशक बालकृष्ण बनमालाले कम्प्युटरको ज्ञानका साथै आवश्यक विषयवस्तुको ज्ञान, विद्यार्थीलाई सीपमूलक तालिमहरू सञ्चालन गर्नुका साथै आवश्यक सामाजिक कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको बताउनुभयो ।

# मध्यपुर बोडेमा सातदिने स्थलगत चित्रकला कार्यशाला सुरु




मध्यपुर थिमि, २३ जेठ । मध्यपुर थिमि नगरपालिका वडा नं. ८, बोडेको आयोजनामा जेठ २३ गतेदेखि ३० गतेसम्म सञ्चालन हुने सातदिने स्थलगत चित्रकला कार्यशाला शनिबारदेखि सुरु भएको छ ।

कार्यक्रमको उद्घाटन वडा नं. ८ का वडा अध्यक्ष रमेश थापा श्रेष्ठले कलाकारहरूलाई चित्रलेखन सामग्री हस्तान्तरण गरी गर्नुभयो ।

वडाध्यक्ष श्रेष्ठले चित्रकलामार्फत नयाँ पुस्तालाई इतिहास, संस्कृति र सम्पदाबारे महत्त्वपूर्ण जानकारी दिन सकिने बताउनुभयो । उहाँले भक्तपुरका ऐतिहासिक बस्तीहरू पूर्वजहरूले दीर्घकालीन सोचका साथ निर्माण गरेको उल्लेख गर्दै बोडे बस्ती पनि सयौँ वर्षअघि नै वास्तुकला तथा इन्जिनियरिङको दृष्टिले योजनाबद्ध रूपमा विकास गरिएको बताउनुभयो ।

उहाँले विगतमा कृषि पेसाले स्थानीय समुदायलाई आत्मनिर्भर बनाएको भए पनि अहिले त्यसमा ह्रास आएको उल्लेख गर्दै स्थानीय उत्पादन र पहिचानलाई पुनर्जीवित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । सातदिने चित्रकला कार्यशालाबाट बोडेका सम्पदाहरूको आकर्षक चित्र सिर्जना भई पर्यटकीय प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्दै निरन्तर सहकार्यको अपेक्षा गर्नुभयो ।

कलाकार जुजुभाइ बाँस श्रेष्ठ, एमेजिङ आर्ट ट्रेनिङ सेन्टर तथा Saturday Plein and Workshop को सहकार्यमा सामुदायिक भवनमा आयोजित कार्यक्रममा कलाकार तथा संस्कृतिप्रेमी जुजुभाइ बाँसश्रेष्ठले चित्रकला कार्यशालाले मध्यपुर थिमिको पर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान पुऱ्याउने बताउनुभयो ।

Saturday Plein and Workshop का संयोजक दिपेशमान प्रधानले कार्यक्रम संयोजन गर्ने अवसर प्राप्त भएकोमा आयोजकप्रति आभार व्यक्त गर्नुभयो । उहाँले कार्यशालामा २५ जना कलाकारहरूको सहभागिता रहने जानकारी दिँदै कार्यशालाबाट सिर्जित चित्रहरू वडा कार्यालयलाई हस्तान्तरण गरी प्रदर्शनीमा राख्ने योजना रहेको बताउनुभयो ।

वडा सचिव रञ्जन प्रजापतिले सहभागी कलाकारहरूलाई स्वागत गर्दै कार्यक्रमबाट बोडे तथा मध्यपुर थिमिका सम्पदाहरूको चित्रकलामार्फत अभिलेखीकरण हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले सिर्जित चित्रहरूको मूल्याङ्कन गरी बुकलेट प्रकाशन गर्ने प्रयास गरिने तथा चित्रकलाका लागि उपयुक्त सम्पदास्थलहरूको जानकारी दिनुभयो ।

कार्यक्रममा वडा सदस्य सुरेन्द्र थापा श्रेष्ठले कार्यशालाको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

# अलेक्सान्दर पुस्किनको २२७ औँ जन्म जयन्ती तथा रुसी भाषा दिवस

भक्तपुर, २३ जेठ । नेपाल - रुस साहित्य समाज र रुसी भवन काठमाडौँको आयोजनामा विश्वविख्यात रुसी कवि, नाटककार र उपन्यासकार अलेक्सान्दर पुस्किनको २२७ औँ जयन्ती आयोजना गरियो । उक्त दिन रूसी भाषा दिवसको रूपमा पनि मनाइन्छ ।

कमलपोखरीस्थित रुसी सांस्कृतिक केन्द्रमा सम्पन्न कार्यक्रमको सुरु रुसी सांस्कृतिक केन्द्रको परिसरमा अवस्थित पुस्किनको सालिकमा माल्यार्पणबाट भयो । त्यसपछि लब्बीमा 'पुस्किन एन्ड हिज टेल्स' नामक फोटो प्रदर्शनीको उद्घाटन भयो । नेपाल-रुस साहित्य समाजका अध्यक्ष ई. विष्णुबहादुर सिंहको सभापतित्वमा सम्पन्न उक्त काव्यिक साँझको सञ्चालन नेरुसासका महासचिव ई. रामबिन्दु श्रेष्ठले गर्नुभएको थियो । अतिथिहरूको स्वागत गर्दै श्रेष्ठले साहित्यले भिन्न देश, भिन्न भूगोल र संस्कृतिलाई जोड्छ; त्यसैले हामीले पुस्किनलाई चिन्यौं भन्नुभयो ।

कार्यक्रममा पुस्किनबारे परिचय दिँदै रुसी भाषा शिक्षक ई. सुशील सिग्देलले रुसी भाषाको विशेषता, प्रचलित रोचक तथ्यहरू र त्यसको विश्वव्यापी महत्त्व प्रस्तुत गर्नुभयो । उहाँले अन्तरिक्षमा यात्रा गर्ने रुसी भाषाको जानकारी हुनुपर्ने कुरा बताउनुभयो ।

रुसी लेखक सङ्घका सदस्यहरूले मस्कोबाट पठाएको शुभकामना सन्देश वाचन गर्नुभएको थियो ।

काव्यिक साँझमा स्रस्टाहरूले रुसी तथा नेपाली भाषामा पुस्किनका र मौलिक कविताहरू वाचन गर्नुभयो । सहनिर्देशक साकानुश भान्यान, रुसी भाषा शिक्षिका सायरा शाह, रुसी दूतावासका उपप्रमुख रेन्चेन




रक्षायभ, रुसी भाषा शिक्षक सुशील सिग्देल, इ. अमोदमणि दीक्षित, इ. किरण दर्नालले रुसी र नेपालीमा, कवि कवयित्रीहरू विमला तुम्खेवा, लक्ष्मी थापा, केशव राज विष्ट, राधिका गुरागाईं, रश्मी रिमाल, चेतन बस्नेत ठूलाघरे, कृष्ण पौडेलहरूले नेपालीमा कविता वाचन गर्नुभयो ।

रसियन हाउसकी सायरा शाहले मिखाइल लेर्मन्टोभको पुस्किनप्रति समर्पित कविता 'द डेथ अफ द पोएट' वाचन गर्नुभयो ।

कार्यक्रमको प्रमुख अतिथि त्रिभुवन विश्वविद्यालयका उपकुलपति डा. सुशीलबहादुर बज्राचार्यले मानवीय मूल्यमान्यता र सांस्कृतिक पहिचानको संरक्षणमा साहित्यको भूमिका हुन्छ भन्नुभयो । रूसमा आफ्नो अध्ययनकालको सम्झना गर्दै उहाँले रूसी साहित्यले कसरी आफ्नो बौद्धिक विकासलाई आकार दियो भन्ने कुरा उल्लेख गर्नुभयो ।

नेपालस्थित रुसी दूतावासका काउन्सिलर-मन्त्री रिन्चेन राक्षेभले पुस्किनको साहित्यिक विरासतलाई रूसी भाषा र संस्कृतिको प्रतीकको रूपमा प्रस्तुत गर्नुभयो । रूसीहरूका लागि पुस्किन रूसी संस्कृतिको जग हुन्, उहाँले भन्नुभयो ।

नेपाल -रूस साहित्य समाजका उपाध्यक्ष चन्द्रकान्त आचार्यद्वारा लिखित 'खुसीका पलहरू' संस्मरण कृतिको विमोचन गरियो । यो पुस्तक लेखकको जीवन मार्ग, नेपाल र रूसमा अध्ययन गर्दाका चुनौती र त्यस समयको सामाजिक, आर्थिक, सांस्कृतिक र पारिवारिक परिस्थितिहरूको वर्णन गर्ने संस्मरण हो ।

नेपाल-रूस साहित्य समाजका अध्यक्ष विष्णुबहादुर सिंहको 'अलेक्सान्डर सर्गेइभिच पुस्किनको अमर विरासत र रूसी भाषा दिवस मनाउनु नेपाल र रूसबिचको दिगो साहित्यिक तथा सांस्कृतिक सम्बन्धको निरन्तरताको अवयव हो' भन्ने मन्तव्यसँगै काव्यिक साँझको समापन भयो ।

विभिन्न क्षेत्रमा कार्यरत लेखक, कलाकार, अनुवादक, कूटनीतिज्ञ, पत्रकार र साहित्यकारहरूको जमघटले कार्यक्रम भव्य र सभ्य भएको थियो ।

# प्रक्रिया पुऱ्याएर ऋण दिएमा सहकारीमा समस्या आउँदैन

भक्तपुर, २३ जेठ । नवज्योति बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा ऋण लगानी र असुलीबारे संशोधित सहकारी ऐन, २०८१ र सहकारी विधेयक, २०८३ सम्बन्धमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका प्रशिक्षक एवं भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. भक्तपुरका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धौँजूले प्रक्रिया पुऱ्याएर ऋण दिएमा सहकारीमा समस्या आउँदैन, आए पनि कानुनी रूपले समाधान गर्न सहज हुने सम्बन्धमा प्रस्ट पार्नुभयो । सहकारीले ऋण उपलब्ध गराउँदा ऋणीको अवस्थाबारे ध्यान दिन नसकेमा सहकारी र ऋणी दुवै पक्षलाई गलामा पासो हालेजत्तिकै जटिलता आउने बताउँदै उहाँले ऋणीले पनि ऋण माग गर्दा आफ्नो हैसियतलाई ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

केही सहकारीको नराम्रा गतिविधिले गर्दा राम्रो र समुदायमा आधारित सहकारीलाई पनि चुनौती थपिएको उहाँले बताउनुभयो । सरकारले जिल्ला बचत तथा ऋण सहकारी सङ्घले तीन वर्षभित्रमा बचत तथा ऋणको कारोबार गर्न बन्देज गराउने कानुनी व्यवस्था गर्नु प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरूलाई आघात पुग्नेछ, उहाँले भन्नुभयो ।

एकव्यक्ति एक सहकारी कानुनी व्यवस्था लागू गर्न खोज्नु नागरिकको नैसर्गिक अधिकारको हननसरह हुने बताउँदै प्रशिक्षक धोजूले ऋण असुली गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सहजता दिने गरेको सहकारीको लागि राम्रो र उपयुक्त सहयोग हो भन्नुभयो ।

संस्थाका अध्यक्ष एवं कार्यक्रमका सभापति काजीबहादुर पञ्चले संस्थाको आय व्ययबारे बताउँदै ऋण लगानी र असुली गर्न सहकारी ऐन, सहकारीको विनियम र निर्देशिकालाई कडाइका साथ पालना गरी आइरहेको र ऋणीहरूले पनि ऋण नीतिलाई कडाइका साथ पालना गर्न आग्रह गर्नुभयो । ऋण असुलीमा बाधा अडचन आएमा लिलामी प्रक्रिया अगाडि बढाइने बताउँदै उहाँले सबै समिति, उपसमिति, ऋणीहरू र कर्मचारीहरूले सहकारीका नियमहरू पालना गरेमा कुनै पनि समस्या नआउने बताउनुभयो । सचिव शिवबहादुर खुलिमुलीले पनि बोल्नुभएको उक्त कार्यक्रममा सहभागीहरूबाट उठेको जिज्ञासाहरूको जवाफ दिनुभएको थियो ।

# सहकारी अध्यादेश २०८३ र कानुनी साक्षरताबारे इन्द्रायणी साकोसमा अन्तरक्रिया

भक्तपुर, २३ जेठ । इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा 'सहकारी अध्यादेश २०८३ र दैनिक जीवनमा आइपर्ने कानुनी समस्याहरू' विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारी ऐन २०७४ को परिधिभित्र रही कार्यविधि बनाएर र त्यसलाई साधारणसभाबाट पास गरेर मात्र संस्था चलाउनुपर्ने बताउनुभयो ।

सहकारीमा योगदानको आधारमा प्रतिशतको अनुपातमा संरक्षित पुँजी फिर्ता कोसबाट लाभांश वितरण गर्ने बताउँदै उहाँले 'लोभ नै विष' भएको स्मरण गराउनुभयो । उहाँले व्यवस्थापनले सही सल्लाह दिने र सञ्चालकले स्पष्ट नीति बनाएमा मात्र सहकारी संस्था पारदर्शी र बलियो हुने बताउनुभयो ।

वरिष्ठ अधिवक्ता विकास त्वन्जुले नयाँ अध्यादेशका कानुनी प्रावधानबारे प्रस्ट पार्दै अब सहकारीका मुद्दाहरू अदालतले नभई नवगठित 'सहकारी प्राधिकरण' ले हेर्ने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ कानुनी व्यवस्थाअनुसार ऋणको म्याद सकिएपछि ऋणीलाई १ वर्षको समय दिनुपर्ने र पटक-पटक असुली प्रयासको प्रमाण हुनुपर्नेछ । म्याद सकिएको ५ वर्षसम्म उजुरी नदिएमा हदम्याद समाप्त हुने, ऋणको सावाँ रकमभन्दा बढी ब्याज लिन नपाइने र आगामी वर्षभित्र एउटै प्रकृतिको एउटा मात्र सहकारीमा सदस्य हुन पाउने बाध्यकारी नियम रहेको छ ।"

उहाँले भन्नुभयो, "संस्था समस्याग्रस्त भएमा संस्था र ऋणीको जायजेथा रोक्का वा बिक्री गरेर बचत फिर्ता गरिने र प्राधिकरणमा दर्ता भएपछि मात्र सहकारीहरू कर्जा सूचना केन्द्रमा जोडिन पाउने प्रावधान छ ।"

संस्थाका कोषाध्यक्ष रमेश खर्बुजाले देशको वर्तमान आर्थिक गतिविधिका बारेमा प्रकाश पार्दै चालू बजेट ऋण र अनुदानमा भर परेको महत्त्वाकाङ्क्षी भएको टिप्पणी गर्नुभयो ।

उहाँले स्वास्थ्य, शिक्षा र विद्युत्जस्ता जनताका प्रत्यक्ष सरोकारका क्षेत्रमा कर बढाएर धेरै कमाउने पुँजीपतिवर्गलाई कर घटाइनु र विद्युत् प्राधिकरणलाई विभाजन गरेर व्यापार गर्न खोजिनु गलत भएको बताउनुभयो । नेपालको सीमित बजारमा एआई र च्याटजीपीटीजस्ता प्रविधिमा ठुलो लगानी गर्ने सरकारी धारणा बालुवामा पानी खन्याएजस्तै महँगो र अव्यावहारिक हुने बताउनुभयो ।

## सङ्क्षिप्त समाचार

# एसईई पूरक परीक्षाको नतिजा दुई साताभित्र प्रकाशन गरिने

काठमाडौँ, २३ जेठ । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय ( कक्षा १०) ले माध्यमिक शिक्षा परीक्षा (एसईई) को पूरक (ग्रेडवृद्धि) परीक्षा सम्पन्न भएको दुई साताभित्र नतिजा प्रकाशन गर्ने गरी तयारी गरेको छ ।

आगामी असार १ देखि ९ गतेसम्म पूरक परीक्षा हुँदैछ । यसअघि, एसइई- २०८२ को परीक्षाफल एक महिनामा प्रकाशन गरिएको थियो । परीक्षा नियन्त्रक टुकराज अधिकारीले आगामी असार २५ गतेभित्र पूरक परीक्षाको परीक्षाफल प्रकाशन गरिने बताउनुभयो ।

एसईईमा एक लाख ४६ हजार ५०७ विद्यार्थी 'ननग्रेडेड' भएकामा पूरक परीक्षामा कतिले सहभागिता जनाउँछन् भन्ने यकिन तथ्याङ्क प्राप्त भइनसकेको उहाँले बताउनुभयो । 'ग्रेड सी' भन्दा कम प्राप्त गरेका विद्यार्थी पूरक परीक्षामा सहभागी हुनेछन् ।

# ट्राफिक कारबाहीमा एकैदिन २० लाख ८४ हजार राजस्व सङ्कलन

काठमाडौँ, २३ जेठ । बितेका २४ घण्टामा दुई हजार ५११ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. २० लाख ८४ हजार राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेका १९३, नियमविपरीत 'राइड सेयरिङ' गरेका १६६, सङ्केत बत्ती उल्लङ्घनकर्ता १२९ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १६७ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ४२, निषेधित क्षेत्रमा हर्न बजाउने १६५, सडक पेटीमा सवारीसाधन 'पार्किङ' गर्ने १५६, एकतर्फी सडकमा सवारी चलाउने १६८ र अन्य सवारी नियम पालना नगरेका एक हजार ३२५ जनालाई कारबाही गरिएको हो ।

# सामाजिक सुरक्षा कोषमा एक खर्ब ११ अर्ब सङ्कलन

काठमाडौँ, २३ जेठ । जलविद्युत् परियोजना, विद्युत् प्रसारण लाइन, सौर्य तथा नवीकरणीय ऊर्जा उत्पादन गर्ने उद्योगमा लगानी गर्ने गरी सामाजिक सुरक्षा कोषले कर्जा वा सहवित्तीयकरणमा लगानी गर्ने गरी प्राथमिकताका क्षेत्र निर्धारण गरेको छ । कोषमा यही जेठ २० गतेसम्म रु. एक खर्ब ११ अर्ब सात करोड पाँच लाख ८५ हजार बराबरको योगदान रकम जम्मा भएको छ ।

दैनिक रूपमा रकम थपिँदै गएकाले लगानीको दायरा विस्तार गर्नुपर्ने निष्कर्षमा कोष पुगेको छ । सोही आधारमा कोषले सरकारी स्वामित्वका कम्पनीसँग मिलेर जलविद्युत् तथा नवीकरणीय ऊर्जा परियोजनामा लगानी गर्ने नीति अख्तियार गरेको छ । कोषका चार वटा प्रस्ताव आएकामा दुई वटा प्रस्तावमाथि छलफल भइरहेको छ ।

मुलुकको ऊर्जा क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ कोषमा सङ्कलन भएको प्रस्तावलाई अगाडि बढाउन लागिएको छ । कोषका निर्देशक रोहित रेग्मीले लगानी विविधिकरणका लागि प्रयास भइरहेको जानकारी दिनुभयो । कोषमा जम्मा हुने रकम बैङ्क तथा वित्तीय संस्थामा राख्दा आर्थिक विकास र समृद्धिमा योगदान हुन नसक्ने भएकाले थप क्षेत्रको खोजी गरिएको उहाँको भनाइ छ । आगामी आर्थिक वर्षको बजेटले विभिन्न कोषमा रहेको रकमलाई उपयोग गर्ने नीति अख्तियार गरेको छ ।

खानीजन्य क्षेत्रअन्तर्गत स्वदेशमा 'क्लिङ्कर' उत्पादन गरी सिमेन्ट उत्पादन गर्ने परियोजनामा पनि कोषले लगानी गर्ने नीति लिएको निर्देशक रेग्मीले उल्लेख गर्नुभयो । उहाँका अनुसार कोषमा हालसम्म २३ हजार ४७६ रोजगारदाता र २९ लाख ५८ हजार ४२९ योगदानकर्ता सूचीकृत भएका छन् । कोषले कुल दाबी भुक्तानी रु २० अर्ब ४५ करोड २६ लाख १० हजार ७३८ गरेको छ । औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम रु. तीन अर्ब २३ करोड ५१ लाख दुई हजार ९११ बराबर रहेको छ ।

दुर्घटना तथा अशक्तता सुरक्षातर्फ रकम रु. २८ करोड ४४ लाख ३० हजार १८८, आश्रित परिवार सुरक्षा दाबी रकम रु. ३४ करोड ९५ लाख ७३ हजार ३९८ र अवकाश दाबी रकम रु. १६ करोड ५८ लाख ३५ लाख चार हजार २४१ बराबर रहेको कोषका निर्देशक रेग्मीले जानकारी दिनुभयो ।

संस्थागत वा सहवित्तीयकरण कर्जामा पर्यटन क्षेत्र, निर्माण क्षेत्र, सूचना तथा प्रविधि क्षेत्र, सेवामूलक क्षेत्र, कृषि क्षेत्रमा लगानी गर्न सकिने व्यवस्था गरेको छ । सञ्चालक समितिले उपयुक्त ठानेको क्षेत्रमा पर्याप्त धितो वा जमानी लिई संस्थागत कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ । कर्जा प्रवाह गर्दा तिर्ने क्षमता भएको कम्पनीलाई परियोजना स्थापना र सञ्चालनको लागि स्थिर पुँजी कर्जा, चालु पुँजी कर्जा वा चक्र कर्जा समेत प्रवाह गर्न सकिने व्यवस्था छ ।

कोषले २० मेगावाटभन्दा कम क्षमताको विद्युत् परियोजनामा भने कोषले लगानी नगर्ने नीति लिएको निर्देशक रेग्मीले बताउनुभयो । विद्युत् खरिदसम्बन्धी शर्त तथा बन्देज वा कुनै समयमा प्राधिकरणले विद्युत् खरिद नगर्ने शर्त भएमा, कनेक्सन सम्झौताबमोजिमको सबस्टेसन तयार भई नसकेको परियोजनामा लगानी नगर्ने नीति रहेको उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार कम्तीमा ३० प्रतिशत स्वपुँजी नभएको परियोजना, निजी कम्पनीबाट सञ्चालित परियोजना र कोषको प्राथमिकतामा नपरेको परियोजनामा पनि लगानी नगर्ने नीति छ ।



**रोपाइँका लागि बीउ काढ्दै किसान**

पोखरा महानगरपालिका- २४ पामे फाँटमा शनिबार रोपाइँका लागि धानको बीउ उखेल्दै 'काढ्दै' किसान । तस्बिर: देवेन्द्र गुरुङ/रासस

# सिद्धि गणेश साकोसमा जोखिम व्यवस्थापन कार्यशाला गोष्ठी



भक्तपुर, २३ जेठ । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिको आयोजनामा जोखिम व्यवस्थापन कार्यशाला नगरकोटमा शनिबार सम्पन्न भयो ।

कार्यशालाको औपचारिक कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले संस्थाले जोखिम व्यवस्थापन कार्यशाला पहिलो पटक आयोजना गरिएको उल्लेख गर्नुभयो ।

उहाँले जति संस्था ठुलो बन्दै जान्छ त्यति नै संस्थाको जोखिम वृद्धि हुने बताउँदै संस्थाको जोखिम व्यवस्थापन कसरी गर्नेबारे छलफल गर्न अति आवश्यक रहेको बताउनुभयो । उहाँले समयमै जोखिम व्यवस्थापन गर्न सके संस्था सुरक्षित र दिगो हुने बताउनुभयो ।

संस्थाका उपाध्यक्ष विष्णुराम दुमरुले बचत तथा ऋण सहकारी संस्थाहरूले हाल जारी अध्यादेशका निर्देशनहरूको पालना गर्दा सामाजिक क्रियाकलापअन्तर्गत आदर निकेतन, सदस्यहरूको उत्पादन व्यवस्थापन गर्न पाइने हो या होइन भन्नेबारे छलफल गर्न अति आवश्यक रहेको बताउनुभयो ।

उहाँले सहकारी क्षेत्रमा व्यक्तिगत स्वार्थको लागि नभई संस्थागत विकासका लागि हुनुपर्ने उल्लेख गर्नुभयो ।

कार्यशालाका सहजकर्ता नेफ्स्कुनका सहायक कार्यकारी अधिकृत दुर्गाप्रसाद ढकालले सम्भावित जोखिम पहिचान गरी त्यसको नियमित निरीक्षण, वर्गीकरण र सामना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले कार्यशालामा जोखिम व्यवस्थापनअन्तर्गत कानुनी, वित्तीय, तरलता, सञ्चालन र सुशासन, प्रविधि तथा बजार जोखिमबारे सहजीकरण गर्नुभएको थियो ।

कार्यशालाको औपचारिक कार्यक्रममा संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले पनि बोल्नुभएको थियो ।

कार्यशालामा संस्थाको जोखिम व्यवस्थापनका निम्ति सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति तथा विभागीय प्रमुखहरूबिच आवश्यक छलफल गरिएको थियो ।

# सडक सञ्जालमा जोडियो दुर्गम अपि

दार्चुला, २३ जेठ । अपिहिमाल गाउँपालिका सडक सञ्जालमा जोडिएको छ । खलङ्गाबाट २३ कोष उत्तर-पश्चिममा रहेको पालिकाको वडा नं ३ गौड्याखोलासम्म सडक पुगेको हो । सडक सञ्जालबाट अझै नजोडिएका पालिकालाई जोड्ने उद्देश्यसहित सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि यस योजनालाई प्राथमिकतामा राखेको छ ।

प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ, "हालसम्म सडक सञ्जालसँग नजोडिएका अपिहिमाल गाउँपालिका, साइपाल गाउँपालिका र स्वामीकार्तिक खापर गाउँपालिकालाई प्रादेशिक तथा स्थानीय सडक सञ्जालसँग जोड्ने लक्ष्य राखिएको छ ।" सडक जोड्न सङ्घीय सरकारले विशेष प्राथमितामा राखेको छ । अपिहिमाल गाउँपालिकाले सडकलाई निरन्तर प्राथमिकता दिँदै निर्माण अघि बढाएको छ ।

"सडक अभावका कारण स्थानीयले वर्षौंदेखि यातायात, विकास निर्माण र दैनिक उपभोगका सामग्री ढुवानीमा कठिनाइ भोग्दै आएका थिए । अपिमा ढुवानीका कारण स्थानीयले समस्या झेलेका थिए । मकरीगाडबाट खण्डेश्वरी घुसासम्म पुग्न रु. १० प्रतिकिलो ढुवानी लाग्थ्यो", स्थानीय खडक रोकायाले भन्नुभयो, "सडक गाउँसम्मै आएपछि ढुवानी भाडामा सहजता हुनेछ ।" अपिहिमाल गाउँपालिका-५ मकरीगाडसम्म मात्रै सडक पुगेको अवस्थामा अहिले भट्टार गाउँसम्म विस्तार भएपछि स्थानीयमा सडक पुग्ने आशा पलाएको उहाँको भनाइ छ ।

स्थानीय दीपक टमटाले गाउँपालिका केन्द्रसम्म पनि सडक पुग्ने सम्भावना भएसँगै दैनिकी सहज हुने विश्वास व्यक्त गर्नुभयो । उहाँका अनुसार भट्टारभन्दा अगाडि सडक पुगिसकेको छ भने निर्माण निरन्तर जारी रहेकाले छिट्टै पालिका केन्द्रसम्म सवारी सञ्चालन हुने विश्वास स्थानीयले गरेका छन् । गाउँपालिका केन्द्र वडा नं ४ को नौपाटामा पर्छ । सडकले गाउँपालिकाका वडा नं ३ र ४ लाई जोड्छ । यो ठाउँमा सडक काट्न चट्टानी भू-भाग नहुँदा पनि सडकले गति लिनेछ ।

अपिहिमाल-१ र २ मा सडक सञ्जालले तत्काललै जोडिने सम्भावना छैन । तर वडा नम्बर ३ को काफलधारसम्म पनि सडक पुग्दा थोरै भए पनि अन्य वडाको लागि राहत हुने स्थानीय बताउँछन् । सडक निर्माण विएनबी कन्स्ट्रक्सन सुर्खेतले गरिरहेको छ । निर्माण कम्पनीका प्रतिनिधि धर्मसिंह धामीले चालु आर्थिक वर्षभित्र काम सम्पन्न नभए पनि आगामी आवमा पालिका केन्द्रसम्म सडक पुऱ्याउने लक्ष्यसहित काम भइरहेको जानकारी दिनुभयो । सडक नहुँदा विकास निर्माणका सामग्री ढुवानी महँगो पर्नुका साथै विभिन्न आयोजना कार्यान्वयनमा समस्या हुँदै आएको थियो । सडक विस्तारसँगै अब विकास निर्माणका काममा सहजता आउने अपेक्षा गरिएको छ ।

अपिहिमाल गाउँपलिकाका अध्यक्ष भक्तसिंह ठेकरे बोहराका अनुसार यसै आर्थिक वर्षभित्र सडक काफलधारसम्म जोडिने छ । मकरीगाडबाट भट्टारसम्मको कडा चट्टानी भाग उछिनेर अब सहज ठाउँमा सडक निर्माण अघि बढेको छ । "शीघ्र पालिका मुकाममा सडक पुग्नेछ", उहाँले भन्नुभयो, "नयाँ आर्थिक वर्षमा ( आगामी आव) अपिहिमालको विकासका लागि महत्त्वपूर्ण वर्ष सावित हुनेछ ।"

अध्यक्ष बोहराका अनुसार पारिवगर-मकरीगाड सडक स्तरोन्नतिको ठेक्का लागिसकेको छ । दुई वर्षभित्र कालोपत्रसहित स्तरोन्नति सकिने छ । दुई वर्षभित्र सम्पन्न गर्नेगरी मकरीगाडमा मोटेरबल पुल निर्माणको ठेक्का भएको छ । अपिहिमाल-४ र ३ जोड्ने सडकमा रु. सात करोड बजेट सुनिश्चित भएको भन्दै उहाँले आगामी आवमा सडक निर्माण पालिका केन्द्र पुग्नेछ ।

। सम्पादकीय ।

# स्थानीय तहमा पर्याप्त बजेट आवश्यक

हरेक देशको लक्ष्य देशको विकास र जनतालाई सुखी बनाउनु या काममामको सुनिश्चित गर्नु नै हो । लक्ष्य पूरा गर्न सरकारले के कस्ता पूर्वाधार तयार गर्दै नीति तथा कार्यक्रम अघि बढाइरहेको छः त्यो महत्त्वपूर्ण पक्ष हो । सत्तासीन दलका नेताहरू मिठा आश्वासन बाँड्ने तर राम्रा या आकर्षक नारा तयार गरेर कार्यान्वयनतिर लाग्दैनन् । देश र जनताको नाउँ लिएर शासकहरूले धेरै आश्वासन बाँडे, विभिन्न योजनाको पोको बाँडे । विडम्बना ! त्यो आश्वासनको पोको जनतासमक्ष पुग्दैन या लागू हुँदैन । पानीजहाज चलाउने, घरघरमा ग्यास पुऱ्याउने सपना बाँडेको वर्षौं भयो । भ्रष्टाचार नियन्त्रण गर्ने, भ्रष्टाचारीमाथि कारबाही गर्ने, स्वदेशमै रोजगारीको बन्दोबस्त गरेर विदेश पलायन घटाउने कुरा फुकेको वर्षौं भयो । केही वर्षअघि नै नेपाललाई साक्षर बनाउने सरकारको उद्देश्य थियो । तर, अहिलेसम्म देश साक्षर बनेको छैन । जबकि नेपालजस्तो अर्को सानो देश प्रजातान्त्रिक जनगणतन्त्र कोरिया बुद्धिजीवीकरणको अभियानमा छ । मुख्य कुरा जनतालाई झुक्याउने होइन, काम गरेर देखाउने हो । काम गर्ने लक्ष्य राखेपछि, योजना बुनेपछि सफल पार्न सरकार लाग्नुपर्छ ।


देशको सन्तुलित विकास गर्ने एउटा आधार केन्द्रीय सरकारले हरेक स्थानीय तहमा पर्याप्त बजेट पठाउनु हो । देशको कुल बजेटको ५० प्रतिशत स्थानीय तहमा बजेट पठाइएको भए देशभरिका गाउँ, वडा र नगरहरूको विकास हुन्थ्यो । गाउँ र नगरका वडा वडाका मानिसले काम पाउँथे । हरेक वडा-वडामा खानेपानी, बिजुली र बाटो पुग्थे । पुल पुलेसा बन्थ्यो । सिँचाइको निम्ति बाँध बन्थ्यो, कुलो बन्थ्यो । स-साना घरेलु उद्योग चल्थ्यो । बजारको व्यवस्था हुन्थ्यो । स्वास्थ्य केन्द्र बन्थ्यो । आ-आफ्नो स्थानको प्राकृतिक स्रोत र साधन उपयोग हुन्थ्यो र नगर र गाउँको वडा वडाको विकास हुन्थ्यो । गरिबी र भोकमरीको अन्त्य गर्ने सरकारको उद्देश्य पूरा हुन्थ्यो । गरिबी घट्थ्यो, धनी र गरिबको असमानता घट्थ्यो । आफ्नै नगर र गाउँको वडा-वडामा काम भए, आफ्नै देशमा आवश्यकताअनुसार विश्वविद्यालय खोले, खोल्न अनुमति दिए; योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोबस्त भए विद्यार्थीहरू विदेशमा पढ्न जाँदैनथे, युवाहरू अरू देशको दासीजस्तै बनेर धाउँदैनथे । अनिमात्र सिंहदरबार गाउँ-गाउँमा पुगेको जनतामा अनुभूति हुन्छ । तर, जनप्रतिनिधिहरू इमानदार, निःस्वार्थी, हुनुपर्छ । विकासको रकममा कुनै चुहावट हुनुहुँदैन ।

नेमकिपाले सदन र सडकमा स्थानीय तहमै पर्याप्त बजेट पठाउनुपर्ने माग उहिल्यै गरेको थियो । समृद्ध नेपाल सुखी नेपालीको नारा भट्याउने सरकारको नेमकिपाको कुरामा ध्यान गएन । विकास आश्वासन बाँडेर हुने होइन काम गरेर हुने हो; त्यसको लागि पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने हुन्छ । बहादुरहरूको देश भनिने क्युबाको स्वास्थ्य सेवा संसारकै निम्ति अनुकरणीय छ । सरसफाइको देश भनिएको प्रजग कोरियामा नर्सरीदेखि उच्च शिक्षासम्म राम्रो व्यवस्था छ । सबै देशहरूको विकास गर्ने अवधारणा ल्याउने चीनले संसारकै निम्ति बाटो देखाउने काम गरिरहेको छ । तर, नेपाल अनियमितता, भ्रष्टाचार र कालाबजारीमा डुबेको छ । शासकहरूले दलगत र व्यक्तिगत स्वार्थलाई केन्द्रमा राखी देश र जनतालाई पाखामा पुऱ्याउने काम गरे । अपराधीलाई सुम्सुम्याउने, भ्रष्टाचारी, कालाबजारी र जालीफटाहाहरूसँगै पार्टी र चुनावको निम्ति पैसा असुल्ने, अवैध सम्पत्ति वैध बनाउने, अपराधीहरू नै पार्टीमा भित्र्याउने काम गरेर देशमा कसरी सुशासन हुन्छ ?

देशलाई कुन दिशामा कहाँ पुऱ्याउने भन्ने लक्ष्य सत्तासीन दलहरूसँग हुनुपर्छ । राजनीतिक दलका नेताहरूमा यो दृष्टिकोण भएन भने लक्ष्य पूरा हुनेछैन । शिक्षाको किरण गाउँ-गाउँ र बस्ती बस्तीमा पुऱ्याइनुपर्छ । सर्वसाधारण जनताले पनि उच्च शिक्षा हासिल गर्नसक्ने मौका पाउनुपर्छ । स्वास्थ्य सेवा, बाटो, बिजुली, खानेपानी, आधारभूत आवश्यक वस्तु, बजार गाउँ-ठाउँसम्म पुग्नुपर्छ । जनतामा नागरिक भावना हुनुपर्छ । जनतामा सांस्कृतिक स्तर हुनुपर्छ । विकासमा जनसहभागिता चाहिन्छ । अन्धविश्वास, कुरीति, विकृति र विसङ्गति हटाउने अभियानमा लाग्नुपर्छ । जनतालाई उत्प्रेरित गर्नुपर्छ । जनतामा देशभक्तिको भावना हुनुपर्छ । जनताको सेवा गर्ने भावना हुनुपर्छ । थिचोमिचोको विरोध हुनुपर्छ । विदेशी हस्तक्षेपको विरोध हुनुपर्छ । देश बनाउन र जोगाउन जनता सधैं तयार भइरहनुपर्छ ।

# इजरायली जातिसंहारको चोटिलो अध्ययन

✍ जामी ब्रिटोन




इयाल वाइजमान लन्डनमा बस्छन् । उनी गोल्डस्मिथ विश्वविद्यालयका प्रोफेसर हुन् । उनी 'फरेन्सिक आर्किटेक्चर' का निर्देशक समेत हुन् । हालै उनले एउटा लेख लेखे - उनीहरूले बालुवा नै बालुवा भेट्नेछन् (२०२६ अप्रिल २३) । त्यो गाजालाई धुलोपिठो बनाइएको घटनासँग सम्बन्धित थियो । त्यो लेखको विषयवस्तु र छरितो शैलीबाट म अत्यन्त प्रभावित भएँ । मलाई उनका अझ धेरै लेख पढ्न मन लाग्यो । यसरी मैले उनको पछिल्लो पुस्तक पढ्न पुगेको थिएँ ।

गाजापट्टीमा भइरहेको जातिसंहार कति भयावह छ भन्ने विषयमा धेरै पुस्तक लेखिएका छन् । तर, वाइजमानको पुस्तक विशेष छ । यस विषयमा विद्वान इलान पापेले पुस्तकको पछिल्लो गातामा लेख्नुभएको छ, "इजरायलले गाजापट्टीका पूर्वाधार, वास्तुकला र पर्यावरणको विनाश कसरी गऱ्यो भनी अन्वेषण गर्ने दिशामा एक सामयिक र अहम योगदान ।"

यो पुस्तक विभिन्न खण्डमा विभक्त छ । गाजामा नष्ट भएको माटोका विभिन्न तहजस्तै । भूमिकाको शीर्षक छ - भू-आँधी । सन् १९५० को अगस्त महिनामा जमिन खनेर प्यालेस्टिनबाट गाजापट्टीलाई अलग्याई बनाइएको सीमारेखाको यसमा चर्चा गरिएको छ । त्यो बेला धेरै खेत नष्ट गरिएको थियो । कोलम्बिया देशका एक राष्ट्रसङ्घीय अधिकारीले सीमारेखा कोर्दा 'लुगा फुकालेका थिए' । यत्तिकैमा इजरायलीहरूले स्थानीय किसानहरूलाई जिस्क्याउँदै भनेका थिए, "यो ठाउँको फोटो खिचे हुन्छ किनभने यो जमिन अब तिमीहरूले कहिल्यै देख्नेछैनौ ।" उनीहरूले सीमारेखाको पल्लोपट्टी रुखको फल टिपेर खाए । त्यसपछि ढुंगा टिपेर किसानहरूतिर फाल्दै भने, "अलिकति तिमीहरूले पनि खाओ !"

पुस्तकको पहिलो खण्डको शीर्षक छ - माटो । यस खण्डमा सन् १९१७ को बाल्फोर घोषणापछि कसरी प्यालेस्टिनी जनतालाई आफ्नो थातथलोबाट बेदखल गरियो भन्ने प्रस्ट पारिएको छ । सन् २०२३ अक्टोबर १३ गते शुक्रबारको बिहानपख गाजाको आकाशमा विमानबाट पर्चा खसालिएको घटनासम्म यो अध्यायले समेटेको छ । मारिएका प्यालेस्टिनीहरूको तथ्यपरक विवरण हरेक अध्यायमा पाइन्छ । हालै मात्र खुलासा भएका र इजरायली सेनाले गरेका आततायी अपराधहरू पनि यो खण्डमा समावेश छन् ।

दोस्रो खण्डको शीर्षक छ - तल्लो माटो । यसमा प्यालेस्टिनीहरू किन र कसरी सुरुङ बनाए र इजरायली सेनाको निरन्तर बमबारीले गर्दा कसरी पानी नै विषाक्त बनेको छ भन्ने चर्चा गरिएको छ ।

तेस्रो खण्डको शीर्षक छ - माटोमुनि । यसमा सन् २०२३ अक्टोबर ७ र त्यसपछिको घटनाक्रमबारे चर्चा छ ।

पुस्तकको अन्तिम खण्डको शीर्षक छ - जातिसंहारको नालीबेली । यसमा विभिन्न नक्सा, फोटो र आजसम्मका उतारचढावको विस्तृत वर्णन छ । यसले पाठकलाई सन् १९५० को दशकदेखि आजसम्मको समग्र नालीबेली बताउँछ । वाइजमान लेख्छन्, "इजरायलले मानवताको जलप लगाएर आफ्ना अत्याचारहरूलाई लुकाएको छ ।"

पुस्तकको अन्तिम खण्डको शीर्षक छ - कोडा । लेखकले सन् २०२५ को अन्त्यतिर नै यो भाग प्रकाशकलाई पठाएका थिए । यसमा लेखिए अनुसार गाजामा इजरायली सेनाको कडा नियन्त्रण छ । बुलडोजरहरूले प्यालेस्टिनीहरू त्यहाँ बसोबास गर्थे भनी प्रमाणित गर्ने सबै चिन्ह नामेट पारेका छन् । यसकारण, चिन्तित हुँदै वाइजमान लेख्छन्, "इजरायल सरकार आफूले दुई वर्षको युद्धमा गर्न नसकेको काम बजारको शक्ति प्रयोग गरेर पूरा गर्न चाहन्छ । अर्थात्, इजरायल सरकार प्यालेस्टिनी प्रतिकार समूहलाई पूर्णतः नष्ट गर्न चाहन्छ र प्यालेस्टिनीहरूलाई गाजाबाट बाहिर खेद्न चाहन्छ ।"

तसर्थ, इजरायली मालसामान बहिस्कार गरौँ । आन्दोलन जारी राखौँ । यो पुस्तकका कम्तीमा दुई प्रति किनौँ । एउटा आफैले पढौँ र अर्को अज्ञानीहरूलाई दिऔँ ।

***(स्रोत : एमआर अनलाइन ।)***

# विश्वभरका साना जलाशयको क्षमता घट्दै : अध्ययन

हालै सार्वजनिक एक अध्ययनले विश्वभरका साना जलाशयहरूको पानी भण्डारण क्षमता उल्लेखनीय दरमा घटिरहेको देखाएको छ । यसले भविष्यमा पानी अभावको सामना गरिरहेका अर्बौं मानिसलाई थप प्रभावित पार्न सक्ने चेतावनी दिइएको छ ।

प्रख्यात वैज्ञानिक पत्रिकामा प्रकाशित अध्ययनअनुसार विश्वका जलाशयहरूले प्रत्येक दशकमा औसत ७ दशमलव ३ प्रतिशत भण्डारण क्षमता गुमाइरहेका छन् । विशेषगरी साना जलाशयहरू यस समस्याबाट सबैभन्दा बढी प्रभावित भएका छन् ।

चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गत नान्जिङ भूगोल तथा ताल विज्ञान संस्थानका अनुसन्धानकर्ताहरूको नेतृत्वमा गरिएको अध्ययनले उपग्रह तस्बिर, भौगोलिक तथ्याङ्क तथा इन्जिनियरिङ अभिलेखको आधारमा विश्वव्यापी जलाशयको विस्तृत तथ्याङ्क भण्डार तयार गरेको छ । यसमा विश्वभरका पाँच लाख ५० हजारभन्दा बढी जलाशय समेटिएका छन् ।

अध्ययनअनुसार तीमध्ये ९५ प्रतिशतभन्दा बढी जलाशय एक वर्ग किलोमिटरभन्दा साना छन् । यस्ता जलाशयहरू अघिल्ला धेरै अनुसन्धानमा पर्याप्त रूपमा समावेश गरिएका थिएनन् ।

अनुसन्धानकर्ता लिउ काईका अनुसार साना जलाशयलाई समेत समेटेर गरिएको यो पहिलो उच्च-स्तरीय विश्वव्यापी मूल्याङ्कन हो ।

उहाँले जलाशयहरूले कृषि सिँचाइ, खानेपानी, बाढी नियन्त्रण तथा विद्युत् उत्पादनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । तर नदीबाट बगेर आउने माटो, बालुवा तथा अन्य पदार्थ बाँध पछाडि थुप्रिँदै जाँदा जलाशयमा पानी भण्डारण गर्ने ठाउँ घट्दै जाने र उपयोगिता कमजोर बन्दै जाने समस्या बढिरहेको उनको भनाइ छ ।

अध्ययनले जलाशयमा अत्यधिक गाद जम्ने १६ वटा प्रमुख जोखिम क्षेत्र पनि पहिचान गरेको छ । तीमध्ये धेरै क्षेत्र सिँचाइमा निर्भर कृषि उत्पादनका केन्द्र तथा पानी अभाव झेलिरहेका स्थानहरू रहेका छन् ।

विश्वको करिब एक चौथाइ सिँचित खेतीयोग्य भूमि यस्ता उच्च जोखिमयुक्त क्षेत्रमा पर्दछ, जसको प्रभाव दुई अर्बभन्दा बढी मानिसमा पर्न सक्ने अध्ययनले जनाएको छ । यसले दीर्घकालीन खाद्य तथा जल सुरक्षाप्रति गम्भीर चिन्ता उत्पन्न गरेको छ ।

अनुसन्धानकर्ताहरूले तत्काल प्रभावकारी कदम नचालिए सन् २०६० सम्म विश्वका आधाभन्दा बढी जलाशयहरूको कार्यक्षमता गम्भीर रूपमा प्रभावित हुन सक्ने चेतावनी दिएका छन् ।

अर्का अनुसन्धानकर्ता सोङ छुनछियाओले जलाशयमा गाद जम्ने समस्या पानी, खाद्य तथा ऊर्जा सुरक्षाका लागि बढ्दो चुनौती बन्दै गएको उल्लेख गर्दै दिगो व्यवस्थापन प्रणाली अपनाउनुपर्ने आवश्यकता औँल्याएका छन् । उनका अनुसार मानव कल्याण र विश्वव्यापी विकास लक्ष्य हासिल गर्न जलाशयको दिगो संरक्षण अपरिहार्य छ । *(सिन्हवा)*

# भारतको 'राष्ट्रवादी वक्तव्यबाजी' ले बङ्गलादेशको जल सुरक्षामाथि खतरा निम्त्याउँदै छ !

● डा. शफी मोहम्मद

भारतीय जनता पार्टीका सांसद निशिकांत दुबेले गत मे ३० मा भारत-बङ्गलादेश जल बाँडफाँड सम्झौताको सार्वजनिक रूपमा आलोचना गरेपछि भारतको जल राजनीति पुन: एकपटक निरीक्षणको घेरामा आएको छ । संसद्मा बोल्दै दुबेले दाबी गरे, "बिहार, झारखण्ड र उत्तर प्रदेशका किसानहरू पानीबिना आत्महत्या गरिरहेका छन्; गंगाामा बालुवा (सिल्ट) थुप्रिएको छ, तर पानी बङ्गलादेश जान्छ ? टिस्टा नदी सिक्किमको जीवनरेखा हो- हामी त्यहाँबाट बिजुली र सिँचाइ उत्पादन गर्न सक्थ्यौँ, तर पानी बङ्गलादेश जान्छ ? ब्रह्मपुत्र असम र बङ्गालको जीवनरेखा हो, तर पानी बङ्गलादेश जान्छ ?"

उनको यो भनाइले भारतमा बढ्दै गइरहेको राष्ट्रवादी बहसलाई झल्काउँछ, जहाँ सीमापार सम्झौताहरूलाई देशका आन्तरिक प्राथमिकताहरूलाई कमजोर पार्ने सहुलियतका रूपमा प्रस्तुत गर्ने क्रम बढ्दो छ । यस्तो वक्तृत्वले बिहार, झारखण्ड र पश्चिम बङ्गालका मतदाताहरूलाई आकर्षित गरे तापनि, यसले बङ्गलादेशजस्तो तल्लो तटीय देशले भोग्नुपरेको यथार्थलाई ओझेलमा पार्छ, जसले आफ्नो भौगोलिक अवस्थितिका कारण पहिले नै पानीको न्यूनतम हिस्सा मात्र पाइरहेको छ ।

यो विवाद एक संवेदनशील मोडमा आएको छ । सन् १९९६ मा तीस वर्षका लागि हस्ताक्षर गरिएको गङ्गा सम्झौता डिसेम्बर २०२६ मा समाप्त हुँदैछ । दक्षिण एसियाली जल-कूटनीतिमा एउटा ऐतिहासिक कोसेढुङ्गाका रूपमा प्रशंसा गरिएको यस सम्झौताले बङ्गलादेशलाई सुक्खा याममा फरक्का बाँधबाट निश्चित पानीको बहाव सुनिश्चित गरेको थियो । यद्यपि, सम्झौताकै अधीनमा रहँदा पनि बङ्गलादेशले पारिस्थितिकीय क्षय र आर्थिक कठिनाइको सामना गरिरहेको छ । पानीको बहाव घट्दा नदीको किनार कटान हुने, तटीय क्षेत्रमा क्षारीयता बढ्ने र कृषि उत्पादकत्व घट्ने समस्या निम्तिएको स्पष्ट देखिन्छ ।

उत्तरी बङ्गलादेशका किसानहरू सिँचाइको आपूर्ति घट्दै गएकोमा गुनासो गर्छन् भने सुन्दरवनको मङ्गोभ पारिस्थितिकी प्रणालीले नुनिलोपनको स्तर बढेका कारण जैविक विविधता गुमाउँदै गएको छ । यी प्रभावहरूका कारण मानिसहरू विस्थापित हुनुपरिरहेको छ, ग्रामीण गरिबी बढिरहेको छ र जीविकोपार्जनका लागि मानिसहरू बसाइँ सर्न थालेपछि सहरी क्षेत्रहरूमाथि दबाब चुलिँदै गएको छ ।

जल बाँडफाँडमा भारतको बढ्दो आक्रामक अडानले क्षेत्रीय स्रोतहरूमाथिको आधिपत्यवादी दृष्टिकोणलाई झल्काउँछ, जुन भारतकै आफ्नै परराष्ट्र नीति अर्थात् नेबरहुड फस्ट (छिमेकी पहिलो) नीतिको पूर्ण रूपमा विपरीत छ । साझा नदीहरूमाथि आफ्नो नियन्त्रण सुदृढ गरेर नयाँ दिल्लीले यो सङ्केत दिइरहेको छ कि उसका लागि सहकारी व्यवस्थाहरूभन्दा आन्तरिक राजनीतिक आवश्यकताहरू बढी महत्त्वपूर्ण छन् । अन्य राष्ट्रवादी आवाजहरूद्वारा समर्थित दुबेको भनाइले पानीलाई यस्तो जिरो-सम स्रोतका रूपमा प्रस्तुत गर्दछ, जहाँ बङ्गलादेशलाई दिइने कुनै पनि हिस्सालाई भारतको घाटाका रूपमा चित्रण गरिन्छ ।

यो भाष्यले हेलसिन्की नियमहरू र संयुक्त राष्ट्रसङ्घको वाटरकोर्सेस अभिसन्धि (यूएन वाटरकोर्सेस कन्भेन्सन) लगायत अन्तर्राष्ट्रिय जल कानुनमा अन्तर्निहित समतामूलक र व्यावहारिक उपयोगका सिद्धान्तहरूलाई बेवास्ता गर्दछ । यसले बङ्गलादेश एउटा तल्लो तटीय राष्ट्र भएकाले संरचनात्मक रूपमै आफ्नो सिमाना बाहिरबाट बहने पानीमा निर्भर छ भन्ने तथ्यलाई पनि उपेक्षा गर्दछ । बङ्गलादेशको ९० प्रतिशतभन्दा बढी ताजा पानी भारत, चीन, भुटान र नेपालबाट उत्पत्ति हुने नदीहरूबाट आउँछ ।

बङ्गलादेशले यसको जवाफमा थप दृढ कूटनीतिक अडान लिने प्रयास गरेको छ । सन् २०२५ मा, ढाकाले 'यूएनईसीई वाटर कन्भेन्सन' (UNECE Water Convention) लाई अनुमोदन गऱ्यो, र यो सम्झौतामा सामेल हुने दक्षिण एसियाकै पहिलो देश बन्यो । यस कदमलाई बङ्गलादेशले आफ्ना जल सरोकारहरूलाई अन्तर्राष्ट्रियकरण गर्ने र वार्ताहरूमा कानुनी पकड बलियो बनाउने प्रयासका रूपमा व्यापक रूपमा व्याख्या गरिएको थियो । भर्खरै, मे २०२६ मा, बङ्गलादेश सरकारले पानी भण्डारण र सिँचाइ क्षमता बढाउने उद्देश्यले 'पद्मा ब्यारेज' निर्माणको स्वीकृति दिएको छ । यो ब्यारेजले आत्मनिर्भरताको चाहनालाई प्रतिबिम्बित गरे तापनि, सावधानीपूर्वक व्यवस्थापन नगरिएमा यसले फरक्का बाँधसँग जोडिएका पारिस्थितिकीय क्षतिहरूलाई नै दोहोऱ्याउने जोखिम रहने चेतावनी विश्लेषकहरूले दिएका छन् ।

गङ्गा सम्झौताको समाप्तिले जोखिम र अवसर दुवै निम्त्याउँछ । भारतले जलवायु परिवर्तन र बढ्दो आन्तरिक मागका कारण सम्झौताका सर्तहरूमा पुनरावलोकन आवश्यक भएको सङ्केत दिएको छ, जसले सम्भावित रूपमा बङ्गलादेशको हिस्सा घटाउन सक्छ । ढाकाका लागि भने यो पारदर्शिता र जवाफदेहितामा जोड दिने अवसर हो । फरक्कामा पानीको बहावको संयुक्त अनुगमन बङ्गलादेशी वार्ताकारहरूको लामो समयदेखिको माग हो, जसले निर्धारित हिस्साभन्दा बढी पानी अन्यत्र मोडिएको आशङ्का गर्छन् । तथ्याङ्क आदानप्रदान र प्रमाणीकरणका लागि बलिया संयन्त्रहरू स्थापना गर्नाले विश्वास पुनर्निर्माण गर्न र सम्झौताको पालना सुनिश्चित गर्न मद्दत पुग्नेछ । यसका साथै, बङ्गलादेशले गङ्गा र टिस्टामात्र नभई दुवै देशबिच साझा रहेका सबै ५४ वटा नदीहरू समेट्ने गरी पूर्ण जलाधार-व्यापी (बेसिन-वाइड) सम्झौताका लागि दबाब दिनुपर्छ । खण्डित सन्धिहरूले साना नदीहरूलाई एकपक्षीय रूपमा मोड्ने जोखिममा पार्छन्, जसले पारिस्थितिकीय तनावलाई झन् बढाउँछ ।

यसका जोखिमहरू निकै उच्च छन् । बङ्गलादेशमा पानीको अभाव केवल वातावरणीय मुद्दा मात्र होइन, बरु यो राष्ट्रिय सुरक्षाको विषय पनि हो । घट्दो बहावले खाद्य असुरक्षा बढाउँछ, ग्रामीण अर्थतन्त्रलाई कमजोर बनाउँछ र सामाजिक अशान्तिलाई बढावा दिन्छ । यसले व्यापक भू-राजनीतिक गतिविधिलाई पनि प्रभावित पार्छ । ब्रह्मपुत्र नदीमा चीनको बाँध निर्माण र नेपालका जलविद्युत आयोजनाहरूले दक्षिण एसियाको नदी राजनीतिमा जटिलताका थप पत्रहरू थपेका छन् । यस सन्दर्भमा, भारतको एकपक्षीयताले क्षेत्रीय सहयोगलाई अस्थिर बनाउने र एक जिम्मेवार शक्तिका रूपमा उसको विश्वसनीयतालाई कमजोर पार्ने जोखिम रहन्छ । बङ्गलादेशका लागि अन्तर्राष्ट्रिय रूपरेखाहरूसँग आवद्ध हुनु र विश्वव्यापी समर्थन जुटाउनु अत्यावश्यक छ । 'यूएनईसीई वाटर कन्भेन्सन' जस्ता मञ्चहरूमा भारतको व्यवहारलाई उजागर गरेर, ढाकाले दक्षिण एसियाली जल-राजनीतिको विशेषता बनिरहेको शक्तिको असमानतातर्फ विश्वको ध्यान आकर्षित गर्न सक्छ ।

बङ्गलादेशको वार्ताको अडान दृढ र सैद्धान्तिक हुन आवश्यक छ । यसले समतामूलक बाँडफाँड कुनै 'सहुलियत' नभई एक कानुनी र नैतिक दायित्व हो भन्ने कुरामा जोड दिनुपर्छ । अन्तर्राष्ट्रिय कानुनको सहारा लिँदै ढाकाले यो तर्क अघि सार्न सक्छ कि माथिल्लो तटीय क्षेत्रमा पानी मोड्दा तल्लो तटीय देशहरूलाई गम्भीर क्षति पुग्छ भने त्यो स्थापित स्थापित मापदण्डहरूको उल्लङ्घन हो । यसले पानीको बहाव घट्दा पर्ने पारिस्थितिकीय असरहरूलाई पनि उजागर गर्नुपर्छ जस्तै सुन्दरवनमा नुनिलोपन बढ्नुदेखि राजशाही र खुल्नामा कृषि उत्पादन घट्नु । यी प्रभावहरू बङ्गलादेशमा मात्र सीमित छैनन्; यसको असर सम्पूर्ण क्षेत्रभरि फैलिन्छ, जसले खाद्य सुरक्षा र जैविक विविधतालाई कमजोर बनाउँछ । जल बाँडफाँडलाई द्विपक्षीय विवादका रूपमा भन्दा पनि एक सामूहिक चुनौतीका रूपमा प्रस्तुत गरेर बङ्गलादेशले व्यापक क्षेत्रीय र विश्वव्यापी समुदायको ध्यान आकर्षित गर्न सक्छ ।


यसका साथै, ढाकाले आन्तरिक रूपमा पनि तयारी गर्नुपर्छ । माथिल्लो तटीय क्षेत्रका हस्तक्षेपहरूबाट भएका गल्तीहरू नदोहोऱ्याउनका लागि 'पद्मा ब्यारेज' जस्ता आयोजनाहरूलाई कडा वातावरणीय सुरक्षा उपायहरूका साथ अघि बढाइनुपर्छ । पानीको कम खपत हुने कृषि प्रणाली, भूमिगत जल व्यवस्थापन र जलवायु-अनुकूल पूर्वाधारहरूमा गरिने लगानी यतिबेला महत्त्वपूर्ण छन् । अनुसन्धान र तथ्याङ्क सङ्कलनलाई सुदृढ गर्दा बङ्गलादेशको बार्गेनिङ गर्ने क्षमता पनि बढ्नेछ, जसले गर्दा उसले वार्ताहरूमा प्रमाणमा आधारित दाबीहरू प्रस्तुत गर्न सक्नेछ । नागरिक समाज र प्राज्ञिक संस्थाहरूले पनि यी सरोकारहरूलाई थप उजागर गर्न भूमिका खेल्न सक्छन्, जसले गर्दा जल राजनीति विशिष्ट वर्गको कूटनीतिमा मात्र सीमित नभई सार्वजनिक बहसको विषय बनिरहोस् ।

दुबेको भनाइबाट प्रस्ट हुने भारतमा उब्जिरहेको राष्ट्रवादी वक्तृत्व एउटा चेतावनीको सङ्केत हो । यसले आगामी वार्ताहरू सहयोगी सिद्धान्तहरू भन्दा पनि आन्तरिक राजनीतिक जोडघटाउबाट बढी निर्देशित हुन सक्ने सङ्केत गर्छ । बङ्गलादेशका लागि पानीको घट्दो बहावलाई स्वीकार गर्नुपर्ने बाध्यकारी अवस्थाको प्रतिवाद गर्नु नै मुख्य चुनौती हो । यसका लागि सैद्धान्तिक कूटनीति, अन्तर्राष्ट्रिय वकालत र आन्तरिक पूर्वतयारीको संयोजन आवश्यक पर्छ । गङ्गा सम्झौताको समाप्ति केवल एउटा प्राविधिक समयसीमा मात्र होइन; यो एक ऐतिहासिक मोड हो जसले आगामी दशकौँसम्म दक्षिण एसियाली जल राजनीतिको दिशा तय गर्नेछ ।

डिसेम्बर २०२६ को समयसीमा नजिकिँदै गर्दा, भारत र बङ्गलादेश दुवैले गर्ने निर्णयहरूले लाखौँ मानिसहरूको भविष्य निर्धारण गर्नेछन् । नदीहरूलाई सहयोगको माध्यम बनाइयो भने, तिनीहरूले जीविकोपार्जन, पारिस्थितिकी प्रणाली र क्षेत्रीय स्थिरतालाई कायम राख्न सक्छन् । तर यदि तिनीहरू द्वन्द्वको केन्द्रबिन्दु बने भने, यसको परिणाम भयानक हुनेछ । यसको जिम्मेवारी दुवै सरकारको काँधमा छ, तर बङ्गलादेशका लागि अगाडिको बाटो स्पष्ट छ र यस्तो भविष्यका लागि सङ्घर्ष गर्ने जहाँ पानी शक्ति प्रदर्शनको हतियार नभई साझा समृद्धिको स्रोतका रूपमा बग्छ ।

*(डा. शफी मोहम्मद मोस्तोफा ढाका विश्वविद्यालयको विश्व धर्म तथा विभागका सह-प्राध्यापक हुन् ।)*

***स्रोत: काउन्टरकरेन्ट***




# सरकारमाथि चिनियाँ जनताको उच्च विश्वास

● एडेल बाक्टिगुलोभा

संसारमा सुशासनबारे कुनै विश्वव्यापी दृष्टिकोण वा सिद्धान्त छैन । प्रत्येक देशको आफ्नै विशिष्ट शासन प्रणाली हुन्छ र चीनको शासन मोडेल अलि विशेष छ । पहिलो, चीनको हजारौँ वर्षको इतिहासमा देशले विभिन्न प्रकारका शासन मोडेल अनुभव गरेको छ । यसले अद्वितीय परिस्थितिका लागि सबैभन्दा उच्चतम मोडेल विकास गरेको छ । दोस्रो, चीनको जनसङ्ख्या १.४ अर्बभन्दा बढी छ, जसमा ५६ जातीय समूह समावेश छन् । त्यसैले, यो देशलाई अझ समृद्ध र प्रत्येक नागरिकलाई धनी बनाउन विभिन्न पृष्ठभूमि र विश्वास भएका मानिसलाई कसरी एकीकृत गर्ने भन्नेबारे प्रस्ट हुन जरूरी छ ।

"जब मालिकले शासन गर्छन्, मानिसलाई उनीहरूको अस्तित्व छ भन्ने थाहा हुँदैन," लाओजीका यी शब्दले शासनको दर्शनलाई समेट्छ । यसले निरन्तर राजनीतिक तमासाभन्दा शान्त प्रभावकारितालाई प्राथमिकता दिन्छ । यो प्राचीन विचारले आधुनिक प्रश्नको व्याख्या गर्न मद्दत गर्छ- चिनियाँ जनतालाई आफ्नो सरकारमा किन उच्चस्तरको विश्वास छ ?

विश्वास केवल भाषणबाजीबाट मात्र बिरलै प्राप्त हुन्छ । यो समयसँगै निरन्तर परिणाममार्फत विकास हुन्छ । बारम्बार प्राप्त हुने सकारात्मक परिणामले जनताको विश्वासलाई बलियो बनाउँछ । धेरै नागरिकका लागि राजनीतिक बहसभन्दा दैनिक जीवनमा देखिने सुधारले विश्वासलाई बढी आकार दिन्छ । चीनको गरिबी निवारण अभियानले २०१२ र २०२० को बिचमा लगभग १० करोड मानिसलाई गरिबीबाट बाहिर निकाल्यो । देशले एक दशकभन्दा बढी समयमा ४० हजार किलोमिटरभन्दा बढी उच्च-गतिको रेल निर्माण गरेको छ, जसले यात्रा र कनेक्टिभिटीलाई रूपान्तरण गरेको छ । चिनियाँको औसत आयु सन् १९८० मा ६४ वर्षबाट बढेर आज ७८ वर्षभन्दा बढी भएको छ, जब कि बेइजिङजस्ता प्रमुख सहरमा वायु गुणस्तर पछिल्ला दशकमा निरन्तर सुधार भएको छ । यी परिवर्तन हुन् जुन मानिसले आफ्नो दैनिक जीवनमा देख्न र अनुभव गर्न सक्छन् । जब समयसँगै यस्ता सुधार हुन्छन्, शासनमा विश्वास स्वाभाविक रूपमा बढ्छ ।

म चीनमा लगभग चार वर्षदेखि बसिरहेकी छु, यी सुधार मेरो दैनिक जीवनमा पनि देखिन सक्छन् । चीनका विभिन्न क्षेत्रमा यात्रा गर्दा म घरेलु विकासलाई समर्थन गर्ने पूर्वाधार विकास र क्षेत्रीय जडानको स्तर देख्छु । सार्वजनिक जीवनका धेरै पक्ष सुविधा र पहुँचलाई ध्यानमा राखेर डिजाइन गरिएका छन्, जसले मानिसलाई विकासको फाइदा अनुभव गर्न अनुमति दिन्छ । यस्ता दैनिक अनुभवले प्रभावकारी शासन धेरै नागरिकसँग किन प्रतिध्वनित हुन्छ र जनताको विश्वासमा योगदान पुऱ्याउँछ भनेर व्याख्या गर्न मद्दत गर्छ । चीनजस्तो शक्ति-सम्पन्न देशले चुनौतीको सामना गर्छ । तैपनि, जनताको विश्वास आंशिक रूपमा लचिलो छ, किनभने धेरै मानिसले अघिल्ला चुनौतीलाई सम्बोधन गर्ने र परिवर्तनशील परिस्थितिमा अनुकूलन गर्ने सरकारको क्षमता देखेका छन् ।

विश्वास समस्यालाई प्रभावकारी रूपमा व्यवस्थापन र समाधान गर्न सकिन्छ भन्ने अपेक्षामा आधारित हुन्छ । यो विश्वासले दीर्घकालीन योजनाका लागि पनि अवस्था सिर्जना गर्छ । क्रमिक पाँचवर्षीय योजनादेखि ठुलास्तरीय पूर्वाधार र विकास परियोजनासम्मका प्रमुख पहललाई प्राय: व्यापक राष्ट्रिय विकास रणनीतिको अंशका रूपमा हेरिन्छ । अघिल्ला उपलब्धिमार्फत विकसित विश्वासले भविष्यका लक्ष्यका लागि सार्वजनिक समर्थनलाई निरन्तरता दिन मद्दत गर्छ । यसरी, एक सुदृढीकरण चक्र देखापर्छ, प्रभावकारी शासनले सार्वजनिक विश्वासलाई बलियो बनाउँछ । जबकि, सार्वजनिक विश्वासले दीर्घकालीन उद्देश्य पछ्याउन आवश्यक स्थिरता प्रदान गर्छ ।

यी प्रत्येक उपलब्धिका लागि नीतिगत डिजाइन मात्र नभई प्रभावकारी कार्यान्वयन पनि आवश्यक छ । आफ्ना प्रतिबद्धता निरन्तर पूरा गर्ने सरकारले विश्वसनीयताका लागि प्रतिष्ठा कायम राख्छ । पश्चिमा राजनीतिक सिद्धान्तमा नियन्त्रण र सन्तुलनलाई प्राय: सरकारी जवाफदेहिता र सार्वजनिक विश्वास सुनिश्चित गर्ने प्राथमिक संयन्त्रका रूपमा लिइन्छ । चिनियाँ अनुभवले सुझाव दिन्छ कि प्रभावकारी शासन पनि सार्वजनिक विश्वासको एक शक्तिशाली स्रोत हुन सक्छ । जब मानिसले आफ्नो जीवनमा ठोस सुधार देख्छन्, सार्वजनिक संस्थामाथिको विश्वास अनुभवबाट निकालिएको व्यावहारिक निष्कर्ष बन्छ ।

लाओजीले दुई हजार वर्षभन्दा पहिले अवलोकन गरेझैँ सबैभन्दा प्रभावकारी शासन प्राय: यसको दृश्यताभन्दा पनि यसको परिणाममार्फत महसुस गरिन्छ । समकालीन चीनमा सार्वजनिक विश्वास केवल ठुला वाचाद्वारा मात्र होइन, बरू दैनिक जीवनलाई रूपान्तरण गर्ने नीतिको सञ्चयी प्रभावद्वारा आकार दिइएको छ । जब शासनलाई समस्या समाधान गर्ने र जनताको कल्याण सुधार गर्ने क्षमताद्वारा मापन गरिन्छ, तब जीवन्त वास्तविकता प्रतिबिम्बित हुन्छ ।

***(बाक्टिगुलोभा सिंघुआ विश्वविद्यालयमा अध्ययनरत छिन् )***

**- ग्लोबलटाइम्सबाट**



इरानको पश्चिमी क्षेत्रबाट निर्धारित लक्ष्यमा पुऱ्याउनका लागि प्रक्षेपण गरिएका मिसाइलहरू जून ६, २०२६ का दिन ।
*तस्बिर : प्रेस टिभी*

# मध्यपूर्व तनाव बढ्दै, अमेरिकाले इरानका रडार साइटमा आक्रमण गरेको दाबी

तेहरान, २३ जेठ (सिन्ह्वा) । अमेरिकी सेनाले इरानका केही रडार साइटहरूमा आक्रमण गरेको जनाएको छ । यो घटनालाई मध्यपूर्वमा जारी तनाव र कमजोर हुँदै गएको युद्धविरामको बिचमा भएको थप ठूलो तनावको रूपमा हेरिएको छ ।

अमेरिकी सेन्ट्रल कमान्ड ( सेन्टकम) ले सामाजिक सञ्जाल 'एक्स' मा दिएको जानकारीअनुसार शुक्रबार अमेरिकी सेनाले इरानतर्फ प्रक्षेपण गरिएका चार वटा एकतर्फी आक्रमणकारी ड्रोनहरू खसालेको थियो । ती ड्रोनहरूले होर्मुज जलडमरू क्षेत्रमा रहेको समुद्री यातायातका लागि तत्काल खतरा उत्पन्न गरेको दाबी गरिएको छ ।

सेन्टकमका अनुसार उक्त घटनापछि अमेरिकी सेनाले इरानको गोरेक र कोरेश्म टापुमा रहेका तटीय निगरानी रडार साइटहरूलाई निशाना बनाएर आक्रमण गरेको हो । अमेरिकी पक्षले यो कदम सम्भावित थप आक्रमण रोक्नका लागि गरिएको बताएको छ ।

यसैबिच, इरानका सर्वोच्च नेता आयातुल्लाह अली खामेनीका सैन्य सल्लाहकार मोहसेन रेजाईले एक अन्तर्वार्तामा अमेरिका-इरानबिचको सम्भावित शान्ति सम्झौता अहिले स्थगित अवस्थामा रहेको बताउनुभएको छ । उहाँका अनुसार अमेरिका सरकारले जमेका इरानी सम्पत्तिमा करिब २४ अर्ब अमेरिकी डलर फुकुवा गर्नुपर्ने विषयले वार्तालाई प्रभावित बनाएको छ ।

रेजाईले वार्ता अवरुद्ध भएमा स्थिति अझ गम्भीर हुने चेतावनी दिँदै अमेरिकालाई "अन्धकारमय अवस्थातर्फ प्रवेश गर्न सक्ने" बताउनुभयो । उहाँले वार्ता पुन: अघि बढाउन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पहल गर्नुपर्ने पनि बताउनुभएको छ ।

अर्कोतर्फ, राष्ट्रपति ट्रम्पले एनबीसी न्यूजसँगको अन्तर्वार्तामा इरानी नेतृत्वसँग युद्ध अन्त्य गर्ने कुनै सहमति नभएको बताउनुभएको छ । उहाँले इरान "बलियो र गर्विलो" भएकाले सम्झौता गर्न ढिला गरिरहेको टिप्पणी गर्दै अन्ततः उनीहरूसँग विकल्प सीमित रहेको दाबी गर्नुभयो ।

यसैबिच, ट्रम्पले युद्ध सुरु भएयता इरानसँग रहेका मिसाइल क्षमताको करिब २१ देखि २२ प्रतिशतमात्र बाँकी रहेको विश्वास व्यक्त गर्नुभएको छ ।

मध्यपूर्वमा अमेरिका-इरानबिच बढ्दो तनाव र सैन्य गतिविधिका कारण क्षेत्रीय शान्ति प्रक्रियामाथि थप प्रश्न उठ्न थालेको विश्लेषकहरूले बताएका छन् ।

# अफ्रिकामा इबोला सङ्क्रमणको खतरा बढ्दो कङ्गो सबैभन्दा प्रभावित

किन्सासा, २३ जेठ (एएफपी) । अफ्रिकी मुलुक कङ्गो लोकतान्त्रिक गणतन्त्रमा फैलिएको इबोला महामारीले गम्भीर रूप लिँदै गएको छ । अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रले सार्वजनिक गरेको पछिल्लो विश्लेषणअनुसार सङ्क्रमित व्यक्तिहरूलाई समयमै पहिचान गरी अलग राख्ने कार्य प्रभावकारी हुन नसकेमा आगामी तीन महिनाभित्र सङ्क्रमितको सङ्ख्या २० हजारभन्दा बढी पुग्न सक्ने जोखिम रहेको छ । केन्द्रका अनुसार हालको कमजोर नियन्त्रण अवस्थालाई निरन्तरता दिइएमा सङ्क्रमित सङ्ख्या २० हजार नाघ्ने सम्भावना ६५ प्रतिशतसम्म रहेको छ ।

विशेषज्ञहरूले इबोला सङ्क्रमितलाई छिटो पहिचान गरी उपचार केन्द्रमा अलग्ग राख्नु महामारी नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय भएको बताएका छन् । तर प्रभावित क्षेत्रहरूमा स्वास्थ्य सेवाको पहुँच सीमित हुनु, जनशक्तिको अभाव तथा असुरक्षाका कारण सङ्क्रमितहरूको वास्तविक सङ्ख्या यकिन गर्न कठिन भइरहेको छ ।

इबोला नियन्त्रण अभियानमा संलग्न वरिष्ठ अधिकारी सतीश पिल्लईले सङ्क्रमणको वास्तविक अवस्था अझै पूर्ण रूपमा स्पष्ट नभएको बताउनुभयो । उहाँका अनुसार उपचार र अलग राख्नुपर्ने सङ्क्रमितहरूको सङ्ख्या अनुमानभन्दा बढी हुन सक्ने सङ्केतहरू देखिएका छन् । स्थलको अवस्थाले हाल सङ्क्रमितहरूलाई अलग राख्ने कार्य पर्याप्त प्रभावकारी नभएको देखाएको उनले उल्लेख गर्नुभयो ।

यसैबिच, विश्व स्वास्थ्य सङ्गठन र अफ्रिकी सङ्घको सार्वजनिक स्वास्थ्य निकायले कङ्गो तथा छिमेकी मुलुकहरूमा फैलिएको इबोला महामारी नियन्त्रण गर्न आगामी छ महिनाका लागि ५१ करोड ८० लाख अमेरिकी डलर आवश्यक पर्ने जनाएको छ । उक्त रकम उपचार, निगरानी, खोप अभियान, जनचेतना अभिवृद्धि तथा सीमा क्षेत्रमा स्वास्थ्य सुरक्षा सुदृढीकरणका लागि खर्च गरिने बताइएको छ ।

यो महामारी गत मे १५ मा कङ्गोको उत्तरपूर्वी क्षेत्रमा औपचारिक रूपमा घोषणा गरिएको थियो । यद्यपि दुर्लभ बन्डिबुग्यो प्रजातिको इबोला भाइरस घोषणा हुनुभन्दा केही समयअघिदेखि नै समुदायमा फैलिइरहेको स्वास्थ्य अधिकारीहरूको अनुमान छ ।

पछिल्लो तथ्याङ्कअनुसार कङ्गोमा हालसम्म ३८१ जनामा सङ्क्रमण पुष्टि भएको छ । तीमध्ये ६४ जनाको मृत्यु भइसकेको छ । सङ्क्रमण विशेषगरी तीन प्रान्तमा फैलिएको छ, जसमध्ये इटुरी प्रान्त सबैभन्दा बढी प्रभावित बनेको छ । कुल सङ्क्रमितमध्ये करिब ९० प्रतिशत र मृत्यु भएका व्यक्तिमध्ये ७६ प्रतिशत इटुरी प्रान्तकै रहेका छन् ।

छिमेकी मुलुक युगान्डामा पनि सङ्क्रमण फैलिन थालेको छ । त्यहाँ हालसम्म १६ जनामा सङ्क्रमण पुष्टि भएको छ भने एक जनाको मृत्यु भएको छ । यद्यपि उपचारपछि कङ्गोमा सात जना र युगान्डामा दुई जना सङ्क्रमित पूर्ण रूपमा निको भएका छन् ।

स्वास्थ्य अधिकारीहरूले महामारी अझै नियन्त्रणबाहिर जाने जोखिम रहेको चेतावनी दिँदै सङ्क्रमितको खोजी, सम्पर्कमा आएका व्यक्तिहरूको निगरानी, उपचार सेवाको विस्तार र जनचेतना कार्यक्रमलाई थप प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय समुदायसँग सहयोगको अपिल गरेका छन् ।

# एकै दिनमा तीन हजारभन्दा बढी अफगान शरणार्थी स्वदेश फिर्ता

काबुल (अफगानीस्तान), २३ जेठ (सिन्ह्वा) । एकै दिनमा तीन हजार ५०० भन्दा बढी अफगान शरणार्थी आफ्नो मातृ भूमि अफगानिस्तान फर्केको बख्तार समाचार एजेन्सीले शनिबार रिपोर्ट गरेको छ ।

अफगान मिडीयाहरूले ६८२ परिवारका तीन हजार ५७४ जना अफगान नागरिक शुक्रबार आफ्नो मातृ भूमि अफगानिस्तान फर्केको जनाएका छन् ।

बख्तार समाचारका एजेन्सीका अनुसार १२६ जना शरणार्थी इरानबाट फर्केका हुन भने बाँकी तीन हजार ४४८ जना पाकिस्तानबाट फर्केका हुन् ।

सन् २०२३ को अन्त्यदेखि करीव ५० लाखभन्दा बढी शरणार्थी अफगानिस्तान फर्केको जनाइएको छ भने चालु यस वर्षको जनवरीदेखि सात लाखभन्दा बढी फर्केका छन् ।

## विश्व सङ्क्षेप

### लेबनानमा भएको इजरायली आक्रमणमा पाँच जनाको मृत्यु, दुई घाइते

बेरुत (लेवनान), २३ जेठ (क्यूएनए) । दक्षिणी लेबनानमा भएको इजरायली हवाई आक्रमणमा पाँच जनाको मृत्यु हुनुका साथै अन्य दुई जना घाइते भएको लेबनानको स्वास्थ्य मन्त्रालयले घोषणा गरेको छ ।

इजरायली हवाई आक्रमणले नबातीह जिल्लाको जिब्डिन सहरलाई लक्षित गरी आक्रमण गरेको मन्त्रालयको स्वास्थ्य आपत्कालिन सञ्चालन केन्द्रले एक जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

### रूस-युक्रेन तनाव बढ्दै, ड्रोन आक्रमण र प्रतिकार जारी

मस्को ,२३ जेठ (एएफपी) । रूसले सेन्ट पिटर्सबर्ग नजिकै २५ वटा ड्रोन खसालेको दाबी गरेको छ, जहाँ मस्कोले आफ्नो प्रमुख आर्थिक मञ्च सञ्चालन गरिरहेको छ । क्षेत्रीय गभर्नर अलेक्जान्डर ड्रोज्डेन्कोले शनिबार टेलिग्राममार्फत जानकारी दिँदै २५ वटा मानवरहित हवाई यन्त्र (ड्रोन) खसालिएको र सैन्य कारबाही जारी रहेको बताएका छन् ।

यसैबिच, बुधबार युक्रेनी ड्रोनहरूले सेन्ट पिटर्सबर्गस्थित एक तेल प्रशोधन केन्द्र र सैन्य अड्डालाई निशाना बनाएका थिए । उक्त घटना 'रूसको डाभोस' भनेर चिनिने सेन्ट पिटर्सबर्ग अन्तर्राष्ट्रिय आर्थिक मञ्च सुरु भएको पहिलो दिनभएको हो ।

राष्ट्रपति भ्लादिमिर पुटिनको सम्बोधन भएको एक दिनपछि सुरु भएको उक्त आर्थिक मञ्च शनिबार सम्पन्न हुँदैछ ।

यसै क्रममा, मस्कोका मेयर सर्गेई सोब्यानिनका अनुसार शनिबार मस्कोतर्फ उडिरहेका थप ९ युक्रेनी ड्रोन पनि रूसी वायु सुरक्षाले खसालेको छ ।

रूस र युक्रेनबिच पछिल्ला महिनाहरूमा एकअर्कामाथि ड्रोन आक्रमण तीव्र बनेको छ । अमेरिका नेतृत्वको कूटनीतिक प्रयास युद्ध अन्त्य गर्न असफल हुँदै गइरहेका बेला यी आक्रमणहरू बढिरहेका हुन् ।

### कोलम्बियाको मध्य क्षेत्रमा रहेको कोइला खानीमा विस्फोट हुँदा ७ जनाको मृत्यु

बोगोटा, २३ जेठ (सिन्ह्वा) । कोलम्बियाको मध्य भागस्थित एक विभागको कोइला खानीमा भएको विस्फोटमा ७ जना खानी मजदुरको मृत्यु भएको स्थानीय अधिकारीहरूले शुक्रबार पुष्टि गरेका छन् ।

स्थानीय सञ्चारमाध्यमका अनुसार बिहीबार दिउँसो एक नगरपालिकामा रहेको खानीमा विस्फोट भएको थियो । प्रारम्भिक अनुसन्धानले भूमिगत रूपमा ग्यास जमेर विस्फोट भएको देखाएको छ ।

दुर्घटनापछि उद्धार टोलीहरू तत्काल घटनास्थलमा परिचालन गरिएको थियो । सम्बन्धित विभागका गभर्नरले सामाजिक सञ्जालमार्फत मृतकका परिवारप्रति समवेदना व्यक्त गर्दै ज्यान गुमाएका मजदुरहरूको नाम सार्वजनिक गरेका छन् । उहाँले राष्ट्रिय खानी निकायले दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन औपचारिक अनुसन्धान सुरु गर्ने बताएका छन् ।

कोलम्बियाको मध्य क्षेत्रमा खानी दुर्घटनाहरू असामान्य होइनन्, किनभने केही खानीहरूले सुरक्षासम्बन्धी नियमहरूको पूर्ण पालना नगर्ने गरेको बताइएको छ ।

### वैश्विक व्यापारमा 'एआई' को प्रभाव बढ्दो

जेनेभा, २३ जेठ (सिन्ह्वा) । विश्व व्यापार सङ्गठनले शुक्रबार सार्वजनिक गरेको प्रतिवेदन अनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण चुनौतीहरू देखिए पनि सन् २०२६ को पहिलो छ महिनामा विश्वव्यापी वस्तु व्यापार मजबुत रहेको छ । कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी लगानी र माग बढेकाले व्यापारलाई सहयोग पुगेको बताइएको छ ।

विश्व व्यापार सङ्गठनको नवीन वस्तु व्यापार सूचकाङ्क १०१ दशमलव ७ मा पुगेको छ, जुन जनवरी महिनाको १०२ दशमलव ३ भन्दा केही कम हो । यसले आगामी दिनमा वस्तु व्यापारको वृद्धिदर केही सुस्त हुनसक्ने सङ्केत गरेको छ ।

सूचकाङ्क १०० भन्दा माथि रहँदा व्यापार औसत प्रवृत्तिभन्दा राम्रो रहेको जनाउँछ भने १०० भन्दा तल रहँदा व्यापार कमजोर हुन सक्ने सङ्केत मानिन्छ ।

प्रतिवेदनअनुसार कृत्रिम बुद्धिमत्तासम्बन्धी लगानीका लागि आवश्यक विद्युतीय पुर्जाको माग उल्लेखनीय रूपमा बढेको छ । यसले मध्यपूर्व द्वन्द्वबाट उत्पन्न नकारात्मक प्रभावलाई केही हदसम्म कम गरेको छ ।

सूचकाङ्कका विभिन्न अवयवमध्ये विद्युतीय पुर्जासम्बन्धी सूचक १०५ दशमलव ५ मा पुगेको छ, जुन औसत स्तरभन्दा उल्लेखनीय रूपमा माथि रहेको बताइएको छ । अन्य अधिकांश सूचकहरू भने १०० को आसपास रहेका छन् ।

निर्यात आदेशसम्बन्धी सूचक १०० दशमलव ५ मा कायम रहेको छ, जसले अन्तर्राष्ट्रिय व्यापारमा सकारात्मक सङ्केत देखाएको छ ।

गत चैतमा सार्वजनिक गरिएको विश्व व्यापार पूर्वानुमान तथा तथ्याङ्क प्रतिवेदनमा सन् २०२६ मा विश्वव्यापी वस्तु व्यापार १ दशमलव ९ प्रतिशतले बढ्ने अनुमान गरिएको थियो, जुन अघिल्लो वर्षको तुलनामा सुस्त वृद्धि हो ।

विश्व व्यापार सङ्गठनले ऊर्जा मूल्य निरन्तर बढिरहेमा व्यापार वृद्धिदर १ दशमलव ४ प्रतिशतमा झर्न सक्ने जनाएको छ । तर कृत्रिम बुद्धिमत्तामा लगानी निरन्तर बढेमा वृद्धिदरमा थप शुन्य दशमलव ५ प्रतिशत बिन्दुको योगदान हुन सक्ने उल्लेख गरिएको छ ।

# कल्याण बचत तथा ऋण सहकारी संस्था लि.

कमलविनायक, भक्तपुर-१०, फोन नं. ६६१९२१९

## कर्जा र व्याज चुक्ता गर्न आउने बारे ३५ दिने जरूरी सार्वजनिक सूचना

प्रकाशित मिति: २०८३/०२/२४

यस सहकारी संस्थाबाट विभिन्न मितिमा विभिन्न शीर्षकअन्तर्गत कर्जा लिएकोमा सर्त र कबुलियतबमोजिम कर्जा र ब्याज तिर्नुपर्नेमा पटकपटक मौखिक तथा लिखित ताकेता गर्दासमेत बेवास्ता गरी संस्थालाई तिर्नु/बुझाउनुपर्ने कर्जा र ब्याज नबुझाई संस्थाको सर्त उल्लङ्घन गरेको हुँदा तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त सूचना प्रकाशित मितिले ३५ दिनभित्र सम्पूर्ण रकम चुक्ता गर्न आउनुहोला। उक्त समयभित्र संस्थाको रकम चुक्ता नभएमा सहकारी ऐन २०७४ सहकारी नियमावली-२०७५, सहकारी ऐन (पहिलो संशोधन)-२०८३ तथा प्रचलित कानुनअनुसार गरिने व्यहोरा सम्पूर्ण ऋणी सदस्य महानुभावहरूको जानकारीका लागि अनुरोध गर्दछौं ।

### तपसिल

| क्र.सं. | ऋणीको विवरण | स्थायी/अस्थायी ठेगाना | साक्षी/जमानी |
|---|---|---|---|
| १ | स्व.कृष्णसुन्दर त्वाती<br>ना.प्र.नं. ३५८/२२, (भक्तपुर)<br>बुबा : सुकुराम त्वाती<br>बाजे : विकुमान त्वाती | लाकुलाछेँ टोल, भक्त तपुर-४<br>हाल : जगाती, भक्तपुर-७ | श्रीमती: सरस्वती त्वाती |
| २ | स्व.देवलाल शाही<br>ना.प्र.नं. १९६१, (भक्तपुर)<br>बुबा : नारां शाही<br>बाजे : लाल शाही | गोलमढी टोल, भक्तपुर-७ | श्रीमती: वेनमाया शाही |
| ३ | स्व.राजुप्रसाद उप्रेती<br>ना.प्र.नं. ८१९६४, (काभ्रे)<br>बुबा : रामजीप्रसाद उप्रेती<br>बाजे : नन्दलाल उप्रेती | कौशिदेखा-२, काभ्रे<br>हाल - पाँचखाल-३, काभ्रे | छोरा: सुनिल उप्रेती<br>बहिनी: शान्ती उप्रेती<br>ना.प्र.नं. २०१३ (काभ्रे) |
| ४ | धनबहादुर शाही<br>ना.प्र.नं. ३/७, (भक्तपुर)<br>बुबा : सिद्ध नारां | झटापोल टोल, भक्तपुर-७ | - |
| ५ | अनिल सैंजू<br>सदस्य नं. २८०, (भक्तपुर)<br>बुबा : शुक्रबहादुर सैंजू<br>बाजे : भोजनारायण सैंजू | जेलाँ टोल, भक्तपुर-८ | श्रीमती: रमिता सैंजू |
| ६ | दिव्यरत्न बज्राचार्य<br>सदस्य नं. ३१९, (भक्तपुर)<br>बुबा : गुजेरत्न बज्राचार्य<br>बाजे : सम्यकरत्न बज्राचार्य | तौलाछेँ, भक्तपुर-९<br>हाल- जगाती, भक्तपुर-९ | श्रीमती: विमलशोभा बज्राचार्य<br>ना.प्र.नं. २२९४६ (भक्तपुर)<br>बुबा: कान्छाभाई बज्राचार्य |
| ७ | राजाराम भेले<br>ना.प्र.नं. २९३, (भक्तपुर)<br>बुबा : हेलबहादुर भेले<br>बाजे : हिरालाल भेले | खलाँ टोल, भक्तपुर-५ | श्रीमती: तारा भेले<br>आमा सरस्वती भेले |
| ८ | कविता बाटा<br>ना.प्र.नं. १६५१६, (भक्तपुर)<br>बुबा : हर्कबहादुर बाटा<br>बाजे : मंगललाल बाटा | चाँगु-३ छालिङ्ग, भक्तपुर | श्रीमान्: रामकृष्ण बाटा |
| ९ | वीरशोभा बज्राचार्य<br>ना.प्र.नं. ३३८६, (भक्तपुर)<br>बुबा : काजीरत्न बज्राचार्य<br>बाजे : रत्नकाजी बज्राचार्य | क्वाठडौँ-९, याताछेँ<br>हाल देवलि, भक्तपुर | छोरा: सुजन बज्राचार्य |
| १० | संजय कुस्मा<br>ना.प्र.नं. ००८०१, (भक्तपुर)<br>बुबा : कृष्णराम कुस्मा<br>बाजे : जगतबहादुर कुस्मा | इनाचो टोल, भक्तपुर-७<br>हाल सूर्यविनायक-८ जगाती | श्रीमती: कविता कुस्मा (खत्री) |
| ११ | रमेश सुवाल<br>ना.प्र.नं. २७५०८, (भक्तपुर)<br>बुबा : नारांभक्त सुवाल<br>बाजे : रुद्र सुवाल | वंशगोपाल, भक्तपुर-३<br>हाल तौलाछें टोल,<br>भक्तपुर -९ | श्रीमती: कमला सुवाल |
| १२ | गणेशमान श्रेष्ठ<br>ना.प्र.नं. ३९५०, (भक्तपुर)<br>बुबा : गणेशलाल श्रेष्ठ<br>बाजे : न्हुछे श्रेष्ठ | मध्यपुर ठिमी-१४, बोडे | चन्द्रकृष्ण पिला श्रेष्ठ<br>हरिलक्ष्मी श्रेष्ठ<br>गंगाप्रसाद ख्याजु<br>धितो- सूर्यविनायक-७, गुण्डु<br>कित्ता नं. ८७०<br>क्षे.फ. ०-७-०-० |
| १३ | मंगेश्वरी ग्वाछा (कवां)<br>सदस्य नं. १८६, (भक्तपुर)<br>बुबा : ज्ञानबहादुर ग्वाछा<br>बाजे : जीतबहादुर ग्वाछा | तौलाछेँ टोल, भक्तपुर-९<br>हाल : लामगाल-१०, भक्तपुर | श्रीमान्: रमेश कवां |
| १४ | सन्तोष वासिंछ्याक<br>ना.प्र.नं. २९२६८, (भक्तपुर)<br>बुबा : सुरेन्द्रमान वासिंछ्याक<br>बाजे : गोविन्दमान वासिंछ्याक | क्वाठण्डौं टोल, भक्तपुर-१० | श्रीमती: रेश्मा वासिंछ्याक |
| १५ | सीतादेवी प्रजापति (सुवाल)<br>ना.प्र.नं. ६०९, (भक्तपुर)<br>बुबा : विलकुमार प्रजापति<br>बाजे : वीरमान प्रजापति | गछेँ, टोल, भक्तपुर-५<br>हाल: वंशगोपाल, भक्तपुर-३ | छोरी: कृष्णेश्वरी सुवाल |
| १६ | राजेश सुवाल<br>ना.प्र.नं. २१७, (भक्तपुर)<br>बुबा : रामकृष्ण सुवाल<br>बाजे : विकुलाल सुवाल | क्वाठण्डौ, भक्तपुर-९<br>हाल : देकोचा टोल,<br>भक्तपुर-१० | श्रीमतीहरू: बुद्धलक्ष्मी र लक्ष्मी सुवाल |
| १७ | शोभा कासुला (किसी)<br>ना.प्र.नं. १९५७८, (भक्तपुर)<br>बुबा : टीकाराम किसी<br>बाजे : सूर्यबहादुर किसी | सूर्यविनायक न.पा. गुण्डु,<br>भक्तपुर-३<br>हाल : निकोसेरा, मध्यपुर ठिमी | श्रीमान: माइला कासुला |
| १८ | लक्ष्मी भट्ट (कुसी)<br>ना.प्र.नं ९९६९, (भक्तपुर)<br>बुबा : विष्णुभक्त कुसी<br>बाजे : मानबहादुर कुसी | ब्यासी टोल, भक्तपुर-२<br>हाल : भुटिपाखा, भक्तपुर-१० | छोरा: राकेश भट्ट<br>श्रीमान्: पुरुषोतम भट्ट |
| १९ | किरण बाटी<br>ना.प्र.नं ३५६४, (भक्तपुर)<br>बुबा : हरिकृष्ण बाटी<br>बाजे : हरिलाल बाटी | इताछेँ, भक्तपुर-२<br>हाल : सूर्यविनायक न.पा.<br>आदर्श, भक्तपुर-८ | बहिनी: काजल बाटी |
| २० | कृष्णलक्ष्मी शिलाकार<br>ना.प्र.नं १२९६, (भक्तपुर)<br>बुबा : लक्ष्मण शिलाकार<br>बाजे : तुल्सीभक्त शिलाकार | खौमा, भक्तपुर-३<br>हाल जगाती, भक्तपुर-८ | सुरज श्रेष्ठ,<br>जगाती-८, भक्तपुर |
| २१ | मोहन शाही<br>ना.प्र.नं २९-३१०११, (भक्तपुर)<br>बुबा : कान्छा शाही<br>बाजे : जीतलाल शाही | भेलुखेल, भक्तपुर-६<br>हाल जैंला-८, भक्तपुर | छोरा: कृष्ण शाही |
| २२ | सरिता देउपाल<br>ना.प्र.नं ३६, (भक्तपुर)<br>बुबा : टेकबहादुर पोडे<br>बाजे : कुलबहादुर पोडे | भेलुखेल, भक्तपुर-६<br>हाल : तचपाल, भक्तपुर-९ | छोरी: रिकी देउपाल |
| २३ | मणिलाल अमात्य<br>ना.प्र.नं ७/२०९७, (भक्तपुर)<br>बुबा : राजालाल अमात्य<br>बाजे : रुद्रलाल अमात्य | सुकुलढोका टोल, भक्तपुर-५<br>हाल : लिबाली, भक्तपुर-८ | श्रीमती: राधा बराल (अमात्य) |
| २४ | हरि पण्डित कुम्हार<br>ना.प्र.नं. १३७८/१०३७, (बारा)<br>बुबा : शंकर पण्डित कुम्हार<br>बाजे : लालजी पण्डित कुम्हार | बैरनीया-७, बारा | स्व. राजुप्रसाद उप्रेती<br>काभ्रे-३, पाँचखाल<br>ना.प्र.नं. ८१९६४ (काभ्रे) |
| २५ | विहारी साह तुराहा<br>ना.प्र.नं. ३४३०२१-११, (पर्सा)<br>बुबा : फलेशा साह तुराहा<br>बाजे : रामचरण साह तुराहा | विरति-१, पर्सा | श्रीमती: ललितादेवी साह तुराहा |
| २६ | जुविबहादुर गुरुङ्ग<br>ना.प्र.नं. १०५७, (संखुवासभा)<br>बुबा : जुर्णबहादर गुरुङ्ग<br>बाजे : लालबहादुर गुरुङ्ग | मत्स्यपोखरी-२, संखुवासभा | आमा: लक्ष्मी गुरुङ्ग |
| २७ | दिपेन्द्र श्रेष्ठ<br>ना.प्र.नं. ११८९, (सिन्धुपाल्चोक)<br>बुबा : रामलाल श्रेष्ठ<br>बाजे : काजीलाल श्रेष्ठ | सिन्धुपाल्चोक-३, भोटसिपा | श्रीमती: मञ्जु श्रेष्ठ |
| २८ | अमरकुमारी साह कुँवर<br>ना.प्र .नं. ६५०८, (नवलपरासी)<br>बुबा : श्यामलाल कुँवर<br>बाजे : खडानन्द कुँवर | शिवमन्दिर-८, नवलपरासी | रीना जोशी<br>कुलेश्वर काठमाडौं |
| २९ | पुतली डुम्जन (लामा)<br>सदस्य.नं. ११६०, (सिन्धुपाल्चोक)<br>बुबा : पदमबहादुर लामा<br>बाजे : लगनसिं लामा | बाह्रविसे-४, सिन्धुपाल्चोक | श्रीमान्: डिमबहादुर डुम्जन (लामा)<br>अप्सरा रसाइली<br>कमलविनायक-१० |
| ३० | अस्मि डुम्जन (लामा)<br>ना प्र.नं. ४८५, (सिन्धुपाल्चोक)<br>बुबा : अधिकबहादुर तामाङ्ग<br>बाजे : अम्बरबहादुर तामाङ्ग | बाह्रविसे-४, सिन्धुपाल्चोक | श्रीमान्: फुर्वा तामाङ्ग (लामा) |
| ३१ | रामबहादुर घले<br>ना.प्र.नं. ७५७७६, (नुवाकोट)<br>बुबा : नरबहादुर घले<br>बाजे : शेरबहादुर घले | पञ्चकन्या-७, नुवाकोट | श्रीमती: सानी घले<br>पति: रामबहादुर घले<br>ससुरा: नरबहादुर घले |
| ३२ | पवनकुमारी साह<br>ना.प्र.नं. १९३०२४, (सर्लाही)<br>बुबा : रामभरोसा साह तेली<br>बाजे : कल्पु साह | वगदह-१, सर्लाही | श्रीमान्: रामप्रसाद साह<br>पुनमदेवी साह |
| ३३ | गेहेन्द्रमान सिंह पालिखे<br>ना.प्र.नं ११६०३, (काठमाडौं)<br>बुबा : रत्नमान सिंह पालिखे<br>बाजे : कृतेन्द्रमान सिंह पालिखे | टिबुक्छेँ टोल, भक्तपुर-५<br>हाल पकनाजोल काठमाडौं<br>म.न.पा. १३ | देवकुमार अवाल, भक्तपुर-१०<br>धितो- चा.न.पा.४ कित्ता नं<br>४९१, क्षे.फ. १-२-१-१ जग्गा |
| ३४ | शान्ती उप्रेती<br>ना.प्र.नं २०१३, (बारा)<br>बुबा : दानविलाश उप्रेती<br>बाजे : राजेन्द्र उप्रेती | हनुमानगजा-१ बारा<br>हाल:-शिवपुरी-४, भसंथली,<br>काठमाडौं म.न.पा. | दाजु: स्व राजुप्रसाद उप्रेती<br>ना.प्र.नं ८१९६४ (काभ्रे) |
| ३५ | भीमदेवी नेपाली<br>ना.प्र.नं.१००, (काठमाडौं)<br>बुबा : भिमसेन नेपाली<br>बाजे : ज्ञानबहादुर नेपाली | वाहिटि, काठमाडौं-३<br>हाल: किर्तिपुर, नयाँ बस्ती | श्रीमान्: पूर्ण नेपाली |
| ३६ | रुद्रबहादुर शिवभक्ति<br>ना.प्र.नं. ९४०१७, (काभ्रे)<br>बुबा : मोहनबहादुर शिवभक्ति<br>बाजे : लालबहादुर शिवभक्ति | पोखरी चौरी, काभ्रे-५ | श्रीमती: भोजकुमारी शिवभक्ति |
| ३७ | संजिव गौतम<br>ना.प्र.नं ११६४०, (काभ्रे)<br>बुबा : लोकनाथ गौतम<br>बाजे : शिवप्रसाद गौतम | चौरी देउराली, काभ्रे-३,<br>बसाई: माझिफेदी-७, काभ्रे<br>हाल: पेप्सिकोला, काठमाडौं | बुबा: लोकनाथ गौतम<br>आमा: विन्द्रा गौतम<br>विष्णु त्रिपाठी |
| ३८ | अर्जुन सुवेदी<br>ना.प्र.नं. ९९४९५, (सिन्धुपाल्चोक)<br>बुबा : गणेश सुवेदी<br>बाजे : शशिधर सुवेदी | सिन्धुपाल्चोक-२ बलेफी (मांखा)<br>हाल: चा.न.पा. दुवाकोट-२,<br>भक्तपुर | छोरा: नविन सुवेदी |
| ३९ | नानुका तौलाङ्गे (मंग्रान्ती)<br>ना.प्र.नं १०१८-३४, (सिन्धुली)<br>बुबा : टंकबहादुर सार्की<br>बाजे : गोरे सार्की (तौलाङ्गे) | सित्तलपाटी, सिन्धुली-९<br>हाल : मध्यपुर, कौशलटार | श्रीमान्: विष्णुबहादुर तौलाङ्गे (सार्की) |



*उत्पादनका..*

सेनाको पनि कमजोरी भएको उल्लेख छ । विश्लेषक अनिल गिरीले 'माउन्टेन टीभी'मा 'एकलाख सेनामध्ये असी हजार परिचालन गरी एउटा व्यक्तिलाई प्रधानमन्त्री बनाउने सेनापतिले भदौ २४ गते सिंहदरबार जलाइँदा ननिभाएको' भनी प्रश्न उठाउनुभएको छ । विश्लेषक प्रतीक प्रधानले ४० वर्षयता काठमाडौँमा बनेका ९० प्रतिशत घर भ्रष्टाचारीहरूको भएको र भदौ २३ र २४ गते उपद्रव गर्ने जेन्जी भनिएकाहरू उनीहरूकै छोराछोरी भएको बताउनुभएको थियो ।"

उहाँले भन्नुभयो, "सरकारले विदेशीसँग खर्बौं रूपैयाँ ऋण ल्याएर कर्मचारीको तलब २१ प्रतिशतसम्म बढाएको नेपालको अर्थतन्त्रमा अर्को आगजनी किन होइन ? दार्शनिकहरूले महिलालाई शिक्षा दिनु परिवर्तनभित्रको परिवर्तन हुने बताउनुभएको छ । यसलाई मनन गरी राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा भइरहेको अपराध घटाउन यो दोस्रो राष्ट्रिय सम्मेलनले महत्त्वपूर्ण सुझाव दिने अपेक्षा गर्दछु ।"

कार्यक्रमका सभापति, कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सर्वसाधारण जनतालाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले ७ वटा कलेजहरू सञ्चालन गरिरहेको र हाल ती कलेजहरूमा देशभरिका ७ हजार ५ सयभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको जानकारी दिनुभयो ।

हरेक क्षेत्रमा चाहिने विशेषज्ञहरू तयार गर्ने लक्ष्यसहित ती कलेजहरूले अध्ययन अनुसन्धानलाई जोड दिँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन गरिरहेको र आजको कार्यक्रम त्यसैको निरन्तरता रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

कानुनमा जस्तोसुकै व्यवस्था गरिए पनि यदि पीडितहरूले न्याय नपाए त्यस्तो कानुको अर्थ नरहने स्पष्ट पार्दै प्रमुख प्रजापतिले पीडितलाई न्याय दिलाउन प्रहरी प्रशासन र न्यायपालिका भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

हिरासतमा रहेका कैदीलाई मानसिक र शारीरिक यातना दिन नहुने संवैधानिक र कानुनी मान्यताविपरीत 'भक्तपुर काण्ड' मा नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूलाई अमानवीय यातना दिएको र नेमकिपालाई नष्ट गर्ने बदनियतसहित पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँलगायत पार्टीका कार्यकर्ताहरूलाई झूटा ज्यान मुद्दा लगाई प्रहरी प्रशासनद्वारा तयार गरिएको कागजमा जबजरस्ती सही गर्न बाध्य पारेको उहाँले स्मरण गर्नुभयो ।

न्यायको दृष्टिमा सबै समान हुने भएकोले सरकारमा बसेकालाई छुट र सरकार बाहिर बसेकालाई दण्ड दिन नमिल्ने स्पष्ट पार्दै प्रमुख प्रजापतिले न्याय निष्पक्ष नभएसम्म कानुनको अर्थ नरहने भएकोले कानुनभन्दा माथि कोही नहुने बहस कानुनका विद्यार्थीहरूले चलाउनु जरुरी भएको र विद्यार्थीले समस्यामात्र होइन समाधान पनि देखाउनु आवश्यक छ भन्नुभयो ।

कानुनबमोजिम जेलमा हुनुपर्ने अपराधीहरू खुलेआम हिँडिरहने र पीडितहरू डराई डराई बाँच्नुपर्ने स्थितिको अन्त्य हुनुपर्ने र न्याय गरेको जस्तो नभई न्याय पाएको अनुभूति दिलाउनुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

फौजदारी कानुनका विज्ञ प्रा.डा. रजितभक्त प्रधानाङ्गले शिक्षा क्षेत्रमा भनपाद्वारा सञ्चालित कलेजहरूले अग्रणी भूमिका खेलिरहेको बताउनुभयो ।

कानुनका धेरै विषयहरूमा अध्ययन अनुसन्धान गर्न धेरै बाँकी भएको चर्चा गर्दै उहाँले सम्मेलनको निचोडले राष्ट्रिय रूपमै योगदान गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

कानुनी विषयको अनुसन्धानको नाममा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको गरिरहेको भूमिका चित्तबुझ्दो नभएको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले आधा आकाश ढाकिएका महिलाको संसार अँध्यारो रहेसम्म समाजमा परिवर्तन हुननसक्ने अध्यक्ष माओको भनाइ स्मरण गर्दै न्यायिक समानता र समाज परिवर्तनको लागि हरेक क्षेत्रमा महिलाको अग्रसरता हुनु जरूरी छ भन्नुभयो ।

समाजवादी व्यवस्थाले महिला स्वतन्त्रताको प्रत्याभूति गर्ने स्पष्ट पार्दै उहाँले महिला अगाडि बढेको समाज मात्र न्यायिक समानता र समृद्धि सम्भव छ भन्नुभयो ।

छोरीलाई पढाइयोग्य बनाउनुपर्छ भन्दै दसकौं अगाडि शैक्षिक अभियान चलाएको नतिजा भक्तपुर आज शैक्षिक गन्तव्यको रूपमा विकास हुनुमा नेमकिपाको योगदान महत्त्वपूर्ण रहेको स्पष्ट पार्नुभयो ।

कलेज सञ्चालक समितिका उपाध्यक्ष, भक्तपुर नगरपालिकाका उपप्रमुख एवं भक्तपुर नगरपालिका न्यायिक समितिका अध्यक्ष रजनी जोशीले कानुनी सचेतता एवं जनपक्षीय कानुन निर्माणको पक्षमा सम्मेलनको निचोडले महत्त्व भूमिका निर्वाह गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

देशको लागि आवश्यक जनशक्ति हामी आफै तयार गर्छौं भन्ने लक्ष्यसहित भनपाद्वारा ७ वटा कलेजहरू सञ्चालन भइरहेको उपप्रमुख जोशीले उल्लेख गर्नुभयो ।

सम्मेलनका 'कि नोट स्पिकर' वरिष्ठ प्रहरी उपरीक्षक रञ्जु सिग्देलले महिलाले अपराध गर्न सक्दैन, यदि गरेमा त्यो महिला नै हुन नसक्ने भन्ने मानसिकतामा परिवर्तन हुँदै आएको र ५ वर्षको अवधिमा महिला अपराधीको सङ्ख्या ५ प्रतिशतबाट १० प्रतिशत पुगेको बताउनुभयो ।

बैङ्किङ कसुर, लागूपदार्थ, चोरी, जुवा, आतङ्कवादजस्ता आपराधिक क्रियाकलापमा महिलाको सहभागिता रहेको चर्चा गर्दै उहाँले पीडा सहन नसकी महिलाबाट जघन्य अपराधसमेत हुने उल्लेख गर्नुभयो ।

'शोषण र उत्पीडन सहन नसकी बाध्य भई गरेको जघन्य अपराधलाई कसरी सम्बोधन गर्ने ?' भन्ने छलफलको विषय भएको उहाँले उल्लेख गर्नुभयो ।

प्रहरीबाट गल्ती हुँदा खबरदारी गर्ने हातहरू आवश्यक भएको चर्चा गर्दै वरिष्ठ प्रहरी उपरिवेक्षक सिग्देलले स्क्रिनबाट हुने अपराधहरू बढ्दै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले फौजदारी कानुन र न्यायको क्षेत्रमा अनुसन्धान, विचार विमर्श तथा नीतिगत संवाद जरूरी छ भन्दै नेपालको फौजदारी न्याय प्रणालीमा सम्मेलनको विषय 'अपराधमा महिला' बारे गहन अध्ययन र बहसको आवश्यकता रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "ख्वप कलेज अफ लले स्थापनाकालदेखि नै कलेजको शैक्षिक उत्कृष्टता, व्यावहारिक कानुनी शिक्षा, अनुसन्धान तथा सामुदायिक सेवामा विशेष जोड दिँदै आएको छ । हाम्रो विश्वास छ कि कानुनी शिक्षा केवल कक्षा कोठाभित्र सीमित रहनु हुँदैन, यसले समाजका जटिल कानुनी तथा सामाजिक समस्याहरूको समाधान खोज्न सक्रिय भूमिका निर्वाह गर्नुपर्छ ।"

कार्यक्रममा सम्मेलन आयोजक समितिका संयोजक लक्ष्मी बखाद्योले धन्यवाद ज्ञापन गर्नुभएको थियो । विश्वविद्यालय अनुदान आयोगको सहयोगमा भएको उक्त कार्यक्रममा कलेजको अनुसन्धान विभागका प्रमुख आशिष पौडेलले पनि बोल्नुभएको थियो ।

# दक्षिण सुडानमा द्वन्द्व चर्किँदा तीन लाखभन्दा बढी विस्थापित

जुबा, २३ जेठ (सिन्ह्वा) । संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्तको कार्यालयले दक्षिण सुडानको पूर्वी जोङ्लेई राज्यमा गम्भीर मानवीय तथा सुरक्षा सङ्कट उत्पन्न भएको चेतावनी दिएको छ । महिनौंदेखि जारी द्वन्द्व र असुरक्षाका कारण सयौं हजार नागरिक घरबार छाड्न बाध्य भएका छन् ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकायका अनुसार जोङ्लेई राज्यको अकोबो काउन्टीबाट मात्रै करिब एक लाख ४० हजार मानिस विस्थापित भएका छन् । सन् २०२५ को डिसेम्बरयता जोङ्लेई तथा छिमेकी राज्यहरूबाट तीन लाखभन्दा बढी मानिस आफ्नो घर छाड्न बाध्य भएका छन् ।

सुरक्षाको खोजीमा करिब एक लाख मानिस छिमेकी इथियोपिया पुगेका छन् । प्रभावित क्षेत्रमा जनसङ्ख्याको आवागमन निरन्तर भइरहेकाले अवस्थालाई अस्थिर र चुनौतीपूर्ण मानिएको छ ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्तको कार्यालयले अकोबो तथा आसपासका क्षेत्रमा आश्रय लिएका परिवारहरू आगामी दिनमा अझ बढी जोखिममा पर्ने जनाएको छ । भारी वर्षा बढ्दै जाँदा उनीहरू बाहिरी सहयोगबाट थप टाढिने, विभिन्न रोगको जोखिम बढ्ने तथा राहत वितरण कार्य झन् कठिन हुने चेतावनी दिइएको छ ।

सन् २०११ मा स्वतन्त्रता प्राप्त गरेयता दक्षिण सुडानले पटक-पटक सशस्त्र द्वन्द्व, व्यापक विस्थापन तथा जलवायुजन्य विपद्को सामना गर्दै आएको छ ।

तथ्याङ्कअनुसार हाल करिब २४ लाख दक्षिण सुडानी शरणार्थी छिमेकी मुलुकहरूमा बसिरहेका छन् भने झन्डै २० लाख मानिस आफ्नै देशभित्र विस्थापित अवस्थामा रहेका छन् ।

यसैबिच सन् २०२३ को अप्रिलदेखि सुडानमा जारी युद्धका कारण दक्षिण सुडानले १३ लाखभन्दा बढी मानिसलाई आश्रय दिएको छ । तीमध्ये स्वदेश फर्किएका नागरिक, शरणार्थी तथा आश्रय खोज्ने व्यक्तिहरू रहेका छन् ।

मानवीय निकायहरूले द्वन्द्व प्रभावित क्षेत्रमा तत्काल सहायता, सुरक्षा तथा राहत कार्यक्रम विस्तार गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेका छन् ।

# टोलवासीहरूसँग राय सुझाव सङ्कलन कार्यक्रम

भक्तपुर, २३ जेठ । भनपा ४ वडा कार्यालयको आयोजनामा शनिबार आ.व.२०८३/८४ को लागि योजना छनोट गर्न स्थानीय कुथुमला भेगमा टोलवासीहरूसँग राय सुझाव सङ्कलन कार्यक्रम सम्पन्न भयो ।

सभापति एवं भनपा ४ वडाका वडाध्यक्ष उपेन्द्र सुवालले पार्टीको चुनावी घोषणा पत्रअनुसार जनताको आवश्यकता र समस्यालाई प्राथमिकतामा राखी सांस्कृतिक सम्पदा, मठ मन्दिर, ढुङ्गेधारा, पोखरी संरक्षणमा जोड दिँदै आएको बताउँदै १७० भन्दा बढी सम्पदा पुनः निर्माण सकिएको जानकारी गराउनुभयो । भनपाले जनताबिच गएर शिक्षा, स्वास्थ्य र सरसफाइलाई प्राथमिकतामा राखेर देशकै नमुना नगरको रूपमा भक्तपुरलाई स्थापित गरेको जिकीर गर्दै शिशुस्याहारदेखि विश्वविद्यालयसम्मको अध्ययन अनुसन्धानको लागि उचित बन्दोबस्त गर्दै आइरहेको बताउनुभयो ।

स्थानीय बलराम शिल्पकारले टोल छिमेकमा चोरीका घटनाबारे निगरानी राख्न सीसी क्यामेरा राख्नुपर्ने, सडक बत्ती जडान गर्नुपर्ने, माकचो गणेश जाने बाटो निर्माण गर्नुपर्ने, बिजुली तार व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो ।

प्राध्यापक हरिसुन्दर सुवालले विकास निर्माण कार्य उपभोक्ता समितिमार्फत हुँदा कम लागतमा काम सम्पन्न हुने र कला संस्कृति जगेर्नामा जनचेतना अभिवृद्धि गरी जन श्रमदान जुटाइ उत्कृष्ट उदाहरणीय काम गर्न सकिने विचार व्यक्त गर्दै सामाजिक कर्तव्य पालनामा ध्यान दिन सकिए सभ्य समाज निर्माण हुने भनाइ राख्नुभयो ।

वडा सदस्य कृष्णसुन्दर प्रजापतिले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रममा वडा सचिव इन्द्रप्रसाद मचामसी, वडा स्वास्थ्यकर्मी सरूजा प्रजापति, प्राविधिक सहयोगी पञ्चरत्न सैंजू, स्थानीय टोलवासी रामकृष्ण मूलगुठी, रश्मी माक, कृष्णाश्वरी कुसाथा, राजकुमार स्वनेप, राजेन्द्र चगुठीलगायतले बोल्नुभयो ।

---

*चितवनको...*

उहाँले प्रविधिको विकास भए पनि शोषण गर्ने कुरा नफेरिएको र कामदारलाई कामअनुसारको ज्याला दिइरहेको छैन भन्नुभयो ।

नेमकिपा स्थापनाकालदेखि नै मार्क्सवादी सिद्धान्तअनुसार मजदुर र किसानलाई राजनैतिक रूपमा सचेत र सङ्गठित पार्दै आइरहेको बताउँदै उहाँले जनताको समर्थनबिना काम गर्न सकिँदैन भन्नुभयो । उहाँले नेमकिपाले भक्तपुरमा निर्वाचन घोषणापत्रअनुसार शिक्षा र स्वास्थ्यमा उदाहरणीय काम गरिरहेको बताउनुभयो ।

उहाँले अमेरिकाले तेलको लागि इरानलाई हमला गरेको कारण विश्वभरि ग्यास, पेट्रोल र डिजेलको अभाव भएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष हरिप्रसाद दुवालको सभापतित्वमा सम्पन्न सो भेलामा विष्णु शर्मा, ज्ञानेन्द्र प्रजा, मोहनबहादुर प्रजा, अर्जुन प्रजा, सन्तबहादुर पाखिन, अस्मिता गुरुङ, प्रकाश चेपाङलगायतले बोल्नुभएको थियो ।

उक्त भेलाबाट हरिप्रसाद दुवालको संयोजकत्वमा नेमकिपा चौथो जिल्ला सम्मेलन तयारी समिति, चितवन गठन भयो ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भ.न.पा २, ब्यासी

**राय सुझाव सङ्कलनसम्बन्धी सूचना**

यस नगरपालिकाबाट हरेक नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र योजना छनोटका लागि नगरबासी बुद्धिजीवी, शिक्षक, मजदुर किसान, महिला, विद्यार्थी, उद्योगी, व्यापारीलगायत सम्बन्धित सबैसँग राय सुझाव सङ्कलन गर्दै आएको सबैमा विदित्तै छ ।

यसै सन्दर्भमा यस नगरपालिकाको आगामी आ.व. ०८३/८४ को बजेट तर्जुमा र योजना छनोटको लागि नगरबासीहरूले तपसिलबमोजिमको माध्यममार्फत मिति २०८३ जेठ ३१ गतेभित्र आ-आफ्नो अमूल्य राय सुझाव प्रदान गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।

**तपसिल**

१. इमेल : info@bhaktapurmun.gov.np र bhaktapurmuni@gmail.com मार्फत
२. फेसबुक पेज : Bhaktapur municipality मार्फत
३. सम्बन्धित वडा कार्यालयमार्फत
४. भक्तपुर नगरपालिकाको प्रशासन शाखा (कोठा नं १०२) मार्फत
५. दिइएको QR-Code Scan गरी Google Form मार्फत

स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनःप्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।

हरित पृथ्वी, सुरक्षित भविष्य ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा